# देवानी तथा फौजदारी कार्यविधि र सजाय निर्धारण प्रशिक्षण दिग्दर्शन, २०७५




राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल
मनमैंजू, काठमाडौं

# देवानी तथा फौजदारी कार्यविधि संहिता र सजाय निर्धारण प्रशिक्षण दिग्दर्शन, २०७५

राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल
मनमैजु, काठमाडौं

भाषा सम्पादन : माननीय श्री वासुदेव न्यौपाने

डिजाइन : प्रतिक्षा श्रेष्ठ

प्रकाशन प्रति : ५०० प्रति

प्रकाशक : राष्ट्रिय न्यायिक प्रतिष्ठान

प्रकाशन मिति : २०७५ आषाढ

मुद्रण :

सहयोगः गर्भनेन्स फ्यासिलिटी (Governance Facility )

## प्राक्कथन

न्यायिक निकायमा कार्यरत न्यायाधीश, कर्मचारी तथा कानून व्यवसायीका अतिरिक्त अर्धन्यायिक निकायमा कार्यरत न्यायिक जनशक्तिहरूको कार्यक्षमता र व्यावसायिक दक्षता अभिवृद्धि गर्ने उद्देश्यले वि.सं. २०६० सालमा राष्ट्रिय न्यायिक प्रतिष्ठानको स्थापना भएको हो। शुरुमा यो प्रतिष्ठान अध्यादेशबाट स्थापना भएको भएतापनि २०६३ सालमा राष्ट्रिय न्यायिक प्रतिष्ठान, ऐन २०६३ जारी भएपछि सोही ऐन बमोजिम यसले कार्य सम्पादन गर्दै आएको छ। यस प्रतिष्ठानको सर्वोच्च निकायको रुपमा सम्माननीय प्रधान न्यायाधीशज्यूको अध्यक्षतामा १६ सदस्यीय न्यायिक प्रतिष्ठान परिषद् रहेकोछ। यस परिषद्ले प्रतिष्ठानको नीति निर्धारण गर्ने, योजना स्वीकृत गर्ने तथा प्रतिष्ठानबाट भए गरेका कामको समीक्षा गर्ने लगायतका कामहरू गर्दछ। प्रतिष्ठानको तर्फबाट गर्नुपर्ने सम्पूर्ण काम कारबाहीहरुको लागि मार्ग निर्देश गर्नका लागि प्रतिष्ठानका कार्यकारी निर्देशकको अध्यक्षतामा ७ सदस्यीय कार्यकारी समिति रहेको छ।यसै समितिको निर्णय निर्देशन बमोजिम प्रतिष्ठानले प्रशिक्षण अनुसन्धान लगायतका आफ्ना काम कारबाहीहरु सञ्चालन गर्दै आएकोछ।

प्रतिष्ठानले स्थापना कालदेखि नै विभिन्न तहका न्यायाधीशहरू, न्याय सेवाका अधिकृत तथा कर्मचारीहरू, सरकारी वकीलहरु, कानून व्यवसायीहरू र अर्धन्यायिक निकायमा कार्यरत जनशक्तिको क्षमता विकासका लागि विभिन्न प्रकारका प्रशिक्षण, कार्यशाला, गोष्ठी, प्रवचन, अन्तर्क्रिया जस्ता कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। यस अतिरिक्त प्रतिष्ठानले न्याय र कानून सम्बन्धी विभिन्न विषयमा अध्ययन अनुसन्धानका कामहरूसमेत गर्दै आएको छ। प्रतिष्ठानले वार्षिक रुपमा अंग्रेजी भाषामा **"NJA Law Journal"** र नेपाली भाषामा **"प्रतिपादन"** नामक पत्रिका, उच्च तथा जिल्ला अदालतका फैसलाहरुको संगालो, कानून र न्याय सम्बन्धी विभिन्न श्रोत सामग्रीहरू एवम् अनुसन्धानमूलक प्रतिवेदनहरूसमेत प्रकाशन गर्दै आइरहेको छ। यसक्रममा प्रतिष्ठानको उद्देश्य अनुरुप विभिन्न अन्तर्राष्ट्रिय दातृ निकायहरुसँगको समन्वय र सहकार्यमासमेत प्रतिष्ठानले विभिन्न प्रशिक्षण, गोष्ठी, सेमिनार सञ्चालन गर्नुका अतिरिक्त अनुसन्धान गर्ने, तालिमको पाठ्यक्रम विकास गर्ने, स्रोत सामग्री तयार गर्ने एवम् जानकारीमूलक पुस्तिकाहरुसमेत तयार गरी प्रकाशन गर्दै आएकोछ।

यसै सन्दर्भमा **Governance Facility (GF)** सँगको सहयोगमा प्रतिष्ठानले प्रस्तुत कार्यविधि संहिता तथा सजाय निर्धारण सम्बन्धी प्रशिक्षण दिग्दर्शन तयार गरेकोछ। मुलुकी ऐनलाई प्रतिस्थापित गर्दै लागू भएको मुलुकी देवानी कार्यविधि (संहिता) ऐन, २०७४, मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ तथा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ (यसपछि क्रमशः "देवानी कार्यविधि संहिता, फौजदारी कार्यविधि संहिता र सजाय निर्धारण ऐन" भनिएको) को व्यवस्थाहरुका बारेमा अदालत तथा न्यायिक निकायमा कार्यरत न्यायाधीश तथा अधिकृतहरु, सरकारी

वकीलहरु, कानून व्यवसायीहरु, विभिन्न निकायमा कार्यरत कानून अधिकृतहरु तथा कानून र न्यायका क्षेत्रमा सरोकार राख्ने अन्य जिज्ञासुहरुलाई प्रदान गरिने प्रशिक्षण कार्यक्रमका सहजकर्ताहरुको लागि मार्गनिर्देश गर्नु यो कार्यविधि संहिता प्रशिक्षण दिग्दर्शन (यसपछि "प्रशिक्षण दिग्दर्शन" भनिएको) को प्रमुख उद्देश्य हो। यो देवानी तथा फौजदारी र सजाय निर्धारण सम्बन्धी प्रशिक्षण दिग्दर्शन मूलरुपमा राष्ट्रिय न्यायिक प्रतिष्ठानले कार्यविधि संहिताका सम्बन्धमा सरोकारवालाहरुका लागि सञ्चालन गर्ने प्रशिक्षण कार्यक्रमको प्रयोजनका लागि प्रयोग गर्न सकिने गरी तयार गरिएको छ। सो बाहेक अदालत लगायत अन्य निकायहरुले आयोजना गर्ने प्रशिक्षण कार्यक्रमका लागिसमेत यो दिग्दर्शन प्रयोगमा ल्याउन सकिने गरी विकास गरिएकोले यसबाट न्याय र कानूनका सरोकारवालाहरु सबैलाई लाभ पुग्ने कुरामा प्रतिष्ठान विश्वस्त छ।

प्रस्तुत दिग्दर्शन तयार गर्ने कार्यमा संलग्न रहनु भएका यस प्रतिष्ठानका फ्याकल्टी तथा उच्च अदालतका माननीय न्यायाधीश श्री विनोद प्रसाद शर्मा, फ्याकल्टी तथा माननीय जिल्ला न्यायाधीश श्री उपेन्द्रप्रसाद गौतम, रजिष्ट्रार श्री गजेन्द्र बहादुर सिंह र प्रशिक्षण अधिकृत श्री कविता सिलवाल प्रति प्रतिष्ठान हार्दिक आभार प्रकट गर्दछ। यो दिग्दर्शन तयार गर्ने कार्यमा सहयोग गर्ने प्रतिष्ठानका कार्यक्रम व्यवस्थापक श्री राजन के.सी. र प्रतिष्ठानका अन्य कर्मचारीहरु पनि धन्यवादका पात्र छन्। गर्भनेन्स फ्यासिलिटी (Governance Facility) को आर्थिक सहयोग बिना यसको प्रकाशन सहज थिएन। प्रतिष्ठान सहयोगी संस्था गर्भनेन्स फ्यासिलिटी (Governance Facility) का प्रमुख केरोलिन भान्देनाविले र सिनियर प्रोग्राम एण्ड पार्टनरसिप अफिसर ह्यूमन राईट्स, श्री समिर घिमिरेलाई पनि धन्यवाद दिन चाहन्छ।

राष्ट्रिय न्यायिक प्रतिष्ठान

# विषयसूची


| विषय | | पेज नं |
|---|---|---|
| **भाग एक** | | |
| **प्रारम्भिक** | | |
| प्रशिक्षण दिग्दर्शनको उद्देश्य | | २ |
| प्रशिक्षण दिग्दर्शनको प्रयोग | | २ |
| प्रशिक्षण कार्यक्रमको समग्र उद्देश्य | | २ |
| सत्र सञ्चालन विधि | | ३ |
| प्रशिक्षण मूल्याङ्कन | | ३ |
| **भाग दुई** | | |
| **सत्रहरु** | | |
| सत्र - एक | परिचयात्मक सत्र | ६ |
| सत्र - दुई | देवानी कार्यविधि संहिताको संरचना, मूलभूत विशेषता तथा सामान्य सिद्धान्तहरु | ८ |
| सत्र - तीन | देवानी मुद्दाको दर्ता, दरपीठ र अदालती शुल्क सम्बन्धी व्यवस्था | १३ |
| सत्र - चार | देवानी मुद्दामा प्रतिवाद, प्रतिदावी र तेस्रो पक्षको संलग्नता | १८ |
| सत्र - पाँच | देवानी मुद्दामा अन्तरिम र अन्तरकालीन आदेश सम्बन्धी व्यवस्था | २१ |
| सत्र - छ | देवानी मुद्दामा प्रमाण परीक्षण सम्बन्धी व्यवस्था | २४ |
| सत्र - सात | देवानी मुद्दाको सुनुवाइ प्रक्रिया, मुल्तवी, स्थानान्तरण, फैसला र पुनरावेदन | २८ |
| सत्र - आठ | फौजदारी कार्यविधि संहिताको संरचना र मूलभूत विशेषताहरु | ३२ |
| सत्र - नौ | कसूरको सूचना, पक्राउ, म्याद थप र अभियोगपत्र सम्बन्धी व्यवस्था | ३७ |
| सत्र - दश | थुनछेक र अनुपस्थित प्रतिवादी सम्बन्धी व्यवस्था | ४१ |
| सत्र - एघार | फौजदारी मुद्दामा प्रमाण परीक्षण सम्बन्धी व्यवस्था | ४५ |
| सत्र - बाह्र | फौजदारी मुद्दाको सुनुवाइ प्रक्रिया, मुद्दा फिर्ता, मुल्तवी, फैसला, पुनरावेदन र साधक सम्बन्धी व्यवस्था | ४९ |
| सत्र - तेह्र | देवानी र फौजदारी मुद्दामा अदालतको अधिकारक्षेत्र सम्बन्धी व्यवस्था | ५४ |

| | | |
|---|---|---|
| सत्र - चौध | देवानी र फौजदारी कार्यविधि संहितामा हकदैया र हदम्याद सम्बन्धी व्यवस्था | ५७ |
| सत्र - पन्ध्र | देवानी र फौजदारी मुद्दामा म्याद तामेली सम्बन्धी व्यवस्था | ६१ |
| सत्र - सोह्र | प्रारम्भिक सुनुवाइ, पूर्व सुनुवाइ छलफल र अन्तिम सुनुवाइ सम्बन्धी व्यवस्था | ६४ |
| सत्र - सत्र | तारिख तथा वारिस सम्बन्धी व्यवस्था र लिखत तयार गर्ने कार्यविधि | ६८ |
| सत्र - अठार | फैसला कार्यान्वयन सम्बन्धी व्यवस्था | ७३ |
| सत्र - उन्नाइस | सजाय निर्धारणसम्बन्धमा छुट्टै सुनुवाइ गर्नु पर्ने अवस्था र प्रक्रियाहरु | ७६ |
| २सत्र - बीस | सजाय सम्बन्धी सामान्य सिद्धान्त र सजायको उद्देश्य तथा निर्धारणका आधारहरु | ७९ |
| सत्र - एक्काइस | फौजदारी मुद्दामा क्षतिपूर्ति तथा पीडित राहत कोष सम्बन्धी व्यवस्था | ८२ |
| सत्र - बाइस | दण्डको सुधारात्मक प्रणाली सम्बन्धी व्यवस्था | ८७ |
| सत्र - तेइस | अदालतले गर्ने अन्य कार्य सम्बन्धी विविध व्यवस्थाहरु | ९० |
| सत्र - चौबीस | घटना अध्ययन / भूमिका अभिनय | ९४ |


**भाग तीन**

**सन्दर्भ सामग्री**


**सन्दर्भ सामग्री** ९८


**भाग चार**

**अनुसूचीहरु**


| | | |
|---|---|---|
| अनुसूची १ | पूर्व प्रशिक्षण र प्रशिक्षणोत्तर मूल्याङ्कन प्रश्नावली | १०२ |
| अनुसूची २ | प्रशिक्षणको मूल्याङ्कन | १०५ |
| अनुसूची ३ | विभिन्न सत्रहरुमा व्यवस्था भएका मुद्दाहरुमा अदालतबाट भएको फैसला/आदेशको संक्षिप्त विवरण | १०८ |

# भाग एक

# प्रारम्भिक

## प्रशिक्षण दिग्दर्शनको उद्देश्य

- मुलुकी ऐनलाई प्रतिस्थापित गर्दै लागू भएको कार्यविधि संहिता र सजाय निर्धारण ऐनमा भएका व्यवस्थाहरूकाबारेमा न्यायिक निकायमा क्रियाशिल न्यायाधीश तथा अधिकृतहरू, विभिन्न तहका सरकारी वकीलहरू, कानून व्यावसायीहरू, विभिन्न निकायमा कार्यरत कानून अधिकृतहरू तथा कानून र न्यायका अन्य सरोकारवालाहरूलाई प्रदान गरिने प्रशिक्षण कार्यक्रमका सहजकर्ताहरूको लागि मार्गनिर्देश गर्नु प्रस्तुत प्रशिक्षण दिग्दर्शनको प्रमुख उद्देश्य हो।
- सहजकर्ताको प्रस्तुतीलाई विषय केन्द्रित, व्यवहारिक र प्रभावकारी बनाउनु प्रस्तुत प्रशिक्षण दिग्दर्शनको दोस्रो उद्देश्य हो।
- कार्यविधि संहिता र सजाय निर्धारण ऐनमा भएका व्यवस्थाहरूका बारेमा प्रशिक्षण दिन वा लिन चाहने जो कोहीका लागि आधारभूत प्रशिक्षण सामग्रीको रूपमा विकास गर्नु पनि यो प्रशिक्षण दिग्दर्शनको अर्को उद्देश्य हो।

## प्रशिक्षण दिग्दर्शनको प्रयोग

- यो प्रशिक्षण दिग्दर्शन मूलरूपमा राष्ट्रिय न्यायिक प्रतिष्ठानले कार्यविधि संहिता र सजाय निर्धारण ऐनका सम्बन्धमा न्यायाधीश, अदालत तथा न्यायिक र अर्धन्यायिक निकायका अधिकृतहरू, सरकारी वकीलहरू, कानून व्यवसायीहरू, कानून अधिकृतहरू र कानून तथा न्यायको क्षेत्रका अन्य सरोकारवालाहरूका लागि सञ्चालन गर्ने प्रशिक्षण कार्यक्रमको प्रयोजनका लागि प्रयोग गर्न सकिनेछ।
- साथै, यो प्रशिक्षण दिग्दर्शन कार्यविधि संहिता र सजाय निर्धारण ऐनका सम्बन्धमा अदालत लगायत अन्य निकायहरूले आयोजना गर्ने प्रशिक्षण कार्यक्रमका लागिसमेत प्रयोगमा ल्याउन सकिनेछ।
- यो प्रशिक्षण दिग्दर्शनको विद्युतीय प्रति राष्ट्रिय न्यायिक प्रतिष्ठानको वेवसाईट (www.njanepal.org.np) मा प्राप्त हुनेछ।

## प्रशिक्षण कार्यक्रमको समग्र उद्देश्य

यस प्रशिक्षण कार्यक्रमबाट प्रत्येक सहभागी;-

- कार्यविधि संहिता र सजाय निर्धारण ऐनमा भएका व्यवस्थाका बारेमा जानकार हुनेछन्,
- प्रशिक्षण कार्यक्रमबाट हासिल गरेको ज्ञानलाई आफूले अनुसरण गरी व्यावसायिक क्रियाकलापमा प्रयोगमा ल्याउन सक्षम हुनेछन्,

- प्रशिक्षण कार्यक्रममा सिकेका ज्ञानलाई व्यावहारिक रूपमा कार्यान्वयन गर्न चाहिने सीप विकास गर्न सक्षम हुनेछन्,
- कार्यविधि संहिता र सजाय निर्धारण ऐनको कार्यान्वयनमा आफ्नो पदीय भूमिका र अवसर पहिचान गर्न सक्षम हुनेछन्,
- प्रशिक्षण कार्यक्रमको मूल्याङ्कन र सुधारका लागि पृष्ठपोषण दिन सक्षम हुनेछन्।

**सत्र सञ्चालन विधि**

- प्रशिक्षण कार्यक्रम प्रत्येक दिन ४ सत्रका दरले ६ दिनसम्म जम्मा २४ सत्रमा सञ्चालन गर्न सकिनेछ।
- सामान्यतया प्रत्येक सत्रको अवधि एकघन्टा तीस मिनेटको हुनेछ।
- प्रत्येक सत्रका निश्चित उद्देश्य हुनेछन्।
- निर्धारीत उद्देश्य प्राप्तिका लागि सत्रलाई सत्र योजना बमोजिम व्यवस्थित रूपमा वयस्क सिकाई पद्धतिका आधारमा सहभागीतामूलक प्रक्रियाले सञ्चालन गरिनेछ।
- सत्रको अन्त्यमा सत्रको उद्देश्य प्राप्तिका सम्बन्धमा सहभागीहरूबाट पृष्ठपोषण लिईनेछ।
- सहभागीहरूबाट प्राप्त भएको पृष्ठपोषणका आधारमा आगामी प्रशिक्षण कार्यक्रममा आवश्यक सुधार गर्दै लगिनेछ।

**प्रशिक्षण मूल्याङ्कन**

प्रशिक्षणको मूल्याङ्कन मुख्यतया दुई किसिमले गरिनेछ, पहिलो प्रशिक्षार्थीले प्रशिक्षणबाट आर्जन ज्ञान र सीपको बारेमा हुनेछ। यसको लागि पूर्व प्रशिक्षण मूल्याङ्कन र प्रशिक्षण पश्चात मूल्याङ्कन गरिने छ जसमा सत्रको शुरु र समापन पश्चात् सहभागीहरूले के कति ज्ञान सीप हासिल गर्न सके भन्ने सम्बन्धमा प्रशिक्षार्थीबाट पृष्ठपोषण गराइने छ। त्यसैगरी सत्रको उद्देश्य पूरा हुन सके नसकेको सम्बन्धमा प्रत्येक सत्रको अन्त्यमा सहभागीहरूबाटै प्रशिक्षणको समग्र प्रशिक्षणको मूल्याङ्कन र पृष्ठपोषण गराइने छ। यसको लागि प्रश्नावली विधि अपनाइने छ।

# भाग दुई

## सत्रहरू

# सत्र - एक
# परिचयात्मक सत्र

## सत्रको उद्देश्य

सहभागीहरूलाई:

- एक अर्कावीच अन्तरक्रियात्मक रूपमा घुलमिल हुने वातावरण बनाउने;
- एक आपसमा परिचय गराउने;
- सहजकर्ताहरूको परिचय गराउने;
- कार्यक्रमको उद्देश्य बारेमा जानकारी गराउने;
- कार्यक्रममा समेटिने विषयवस्तु बारेमा जानकारी गराउने;
- प्रशिक्षण विधि बारेमा जानकारी गराउने;
- सक्रिय सहभागीताको महत्व बारेमा बताउने र प्रारम्भिक पृष्ठपोषण लिने;
- कार्यक्रमका सम्बन्धमा अपेक्षा सर्वेक्षण गरिने बारे बताउने।

## प्रस्तुति तथा छलफलमा सहजकर्ताले ध्यान दिनुपर्ने कुराहरू

- सत्रका लागि तोकिएका निश्चित शीर्षक र सोको लागि निर्धारीत समय।
- उपलव्ध अध्ययन सामग्रीहरू (जस्तोः दिग्दर्शन, स्रोत सामग्री, पावर प्वाइन्ट आदि)।
- प्रशिक्षण विधि/प्रस्तुतीकरणः आख्यान, व्याख्यान, छलफल, समूहगत अभ्यास, घटना अध्ययन, भूमिका अभिनय आदि।
- सहभागीहरूको आवश्यकता र कार्यक्रमको उद्देश्य अनुरूप कार्य्रकम सञ्चालन गर्न मद्दत पुग्ने गरी कार्यक्रम अवधिभर गरिने मूल्याङ्कन।
- सहभागीहरूबाट प्रत्येक सत्रको अन्त्यमा र कार्यक्रमको अन्त्यमा लिइने पृष्ठपोषण।
- प्रशिक्षण कार्यक्रमको व्यवस्थापकीय प्रवन्ध (जस्तोः आवास, यातायात, खाना, खाजा आदि)।
- प्रशिक्षणको आधारभूत नियमहरू (जस्तोः मोवाईलको प्रयोग, अनुशासनको पालना, समय पालना। एकअर्काको मर्यादा, शिष्ट र मर्यादित भाषाको प्रयोग, सत्रको वीचमा एक आपसमा कुराकानी आदि)।

**सत्र योजना**

| क्रियाकलाप | समय |
|---|---|
| **सहभागीहरूको स्वागत तथा सहजकर्ताहरू (संयोजन समूह) को परिचय** | १० मिनेट |
| **सहभागीहरूको परिचय (सहभागीहरू वीच एकले अर्काको परिचय गराई सहज वातावरण सिर्जना गर्ने)** | १५ मिनेट |
| **कार्यक्रमको परिचय**<br>• कार्यक्रमको उद्देश्य<br>• निर्धारीत विषयहरू<br>• प्रशिक्षकहरू<br>• प्रशिक्षण विधि (सहभागिता, घटना अध्ययन, भूमिका अभिनय आदि)<br>• प्रशिक्षण सामग्री<br>• कार्यक्रमको पुनरावलोकन<br>• मूल्याङ्कन र पृष्ठपोषण<br>• प्रशिक्षणको प्रवन्ध र आधारभूत नियम | २० मिनेट |
| **सहभागीहरूको अपेक्षा सर्वेक्षणः**<br>• सहभागीहरूले कार्यक्रमबाट प्राप्त हुने भनी गरेका अपेक्षाहरू,<br>• सहभागीहरूले कार्यक्रमलाई थप प्रभावकारी बनाउनका लागि गर्नसक्ने योगदान,<br>• सहभागीहरूसंग सम्बद्ध तत्कालिन घटना वा काम<br>(प्रस्तुती र **छलफलः सहजकर्ता वा सहभागीहरूले मेटा कार्डमा लेख्ने** ) | १० मिनेट |
| **सत्रको अन्तमा मुख्य बुँदाहरूको संक्षेपिकरण र प्रश्नोत्तर।** | ५ मिनेट |

**प्रशिक्षण सामग्री**

कम्प्युटर/ल्यापटप , प्रोजेक्टर, पावर प्वाइन्ट, मार्कर (विभिन्न रंग), न्युज प्रिन्ट पेपर, मेटा कार्ड, फ्लिप चार्ट, सत्र सामग्री (Handouts), अन्य आवश्यक सामग्रीहरू (कैची, स्केल, घडी आदि)

# सत्र - दुई

# देवानी कार्यविधि संहिताको संरचना, मूलभूत विशेषता तथा सामान्य सिद्धान्तहरू

## सहजकर्ताका लागि मार्गनिर्देश

सहजकर्ताले देवानी कार्यविधि संहिताका आधारमा यसका विशेषता र संरचनाका बारेमा सहभागीहरूलाई जानकारी गराउनु पर्नेछ। यसरी जानकारी गराउँदा सत्रको प्रारम्भमा नै देवानी कार्यविधि संहिताको विकासक्रमका बारेमा जानकारी गराई देवानी कार्यविधि संहिताको संरचनाका बारेमासमेत संक्षिप्तमा जानकारी दिनु पर्नेछ। सत्रमा मुख्य रूपमा देवानी कार्यविधि संहिताको विशेषताका बारेमा जानकारी दिने उद्देश्य लिइएकोले सो उद्देश्य पूर्ति हुने गरी सत्र सञ्चालन गर्नु पर्नेछ। सत्रका लागि निर्धारीत समयमा प्रशिक्षण सत्र सम्पन्न गर्ने गरी प्रस्तुतिलाई व्यवस्थापन गर्नु पर्नेछ। प्रशिक्षकले दिग्दर्शनमा उल्लेखित विधिहरूको पालना गरी सत्र सञ्चालन गर्नु पर्नेछ। यसरी प्रशिक्षण सञ्चालन गर्दा यथासम्भव प्रशिक्षार्थीहरूलाई छलफल गर्ने र प्रश्न गर्ने समय मिल्ने गरी सत्रको व्यवस्थापन गर्नु पर्नेछ।

## मुख्य कानूनी स्रोत एवम् अन्य सन्दर्भ सामग्री

- नेपालको संविधान
- मुलुकी देवानी कार्यविधि (संहिता) ऐन, २०७४
- मुलुकी ऐन, २०२०
- नेपाल कानून पत्रिका

*(नोटः सहजकर्ताबाट आवश्कता अनुसार नजीर/सिद्धान्तहरू उपलब्ध हुन सक्नेछन्।)*

## सत्रको उद्देश्य

सहभागीहरूलाई:

- देवानी कार्यविधि संहिताको पृष्ठभूमिबारे बताउने;
- देवानी कार्यविधि संहिताको विकासक्रम बारे संक्षिप्तमा जानकारी गराउने;
- देवानी कार्यविधि संहिताको संरचना बारे संक्षिप्त जानकारी दिने;
- देवानी कार्यविधि संहिताको नयाँ व्यवस्था सहित यसका प्रमुख विशेषताहरू बारेमा जानकारी गराउने।

**प्रस्तुति तथा छलफलमा सहजकर्ताले ध्यान दिनुपर्ने कुराहरू**

- सत्रका लागि तोकिएका निश्चित शीर्षक र सोको लागि निर्धारीत समय।
- उपलव्ध अध्ययन सामग्रीहरू जस्तो दिग्दर्शन, स्रोत सामग्री, पावर प्वाइन्ट आदि।
- प्रशिक्षण विधि/प्रस्तुतीकरण: आख्यान, व्याख्यान, छलफल, समूहगत अभ्यास, घटना अध्ययन, भूमिका अभिनय आदि।
- सहभागीहरूको आवश्यकता र सत्रको उद्देश्य अनुरूप सहभागीहरूको अपेक्षाको मूल्याङ्कन सहित सहभागीबाट पृष्ठपोषण लिंदै विषयवस्तुमा केन्द्रित भई सत्र सञ्चालन गर्ने।
- सहभागीहरूबाट सत्रको अन्त्यमा पृष्ठपोषण लिने।

**सत्र योजना**

| क्रियाकलाप | समय |
|---|---|
| **सत्रमा प्रस्तुत हुने विषयहरू उल्लेख गर्ने**<br>**सत्रको उद्देश्य बताउने** | **५ मिनेट** |
| **पृष्ठभूमि**<br>• आवश्यकता र ऐतिहासिक विकासक्रम | **१० मिनेट** |
| **देवानी कार्यविधि संहिताको संरचना**<br>• परिच्छेद १: प्रारम्भिक (दफा १ देखि ३ सम्म)<br>• परिच्छेद २: देवानी कार्यविधि कानूनका सामान्य सिद्धान्त (दफा ४ देखि १५ सम्म)<br>• परिच्छेद ३: अधिकारक्षेत्र (दफा १६ देखि २७ सम्म)<br>• परिच्छेद ४: लिखत तयार गर्ने कार्यविधि सम्बन्धी व्यवस्था (दफा २८ देखि ४६ सम्म)<br>• परिच्छेद ५: हदम्याद सम्बन्धी व्यवस्था (दफा ४७ देखि ६२ सम्म)<br>• परिच्छेद ६: अदालती शुल्क सम्बन्धी व्यवस्था (दफा ६३ देखि ८४ सम्म)<br>• परिच्छेद ७: फिराद तथा दावी प्रस्तुति सम्बन्धी व्यवस्था (दफा ८५ देखि ९८ सम्म)<br>• परिच्छेद ८: म्याद तथा म्याद तामेली सम्बन्धी व्यवस्था (दफा ९९ देखि ११८ सम्म) | **१५ मिनेट** |

| | |
|---|---|
| • परिच्छेद ९: प्रतिउत्तरपत्र तथा प्रतिदावी सम्बन्धी व्यवस्था (दफा ११९ देखि १२५ सम्म)<br>• परिच्छेद १०: दरपीठ सम्बन्धी व्यवस्था (दफा १२६ देखि १३० सम्म)<br>• परिच्छेद ११: प्रारम्भिक सुनुवाइ सम्बन्धी व्यवस्था (दफा १३१ देखि १३४ सम्म)<br>• परिच्छेद १२: तारिख सम्बन्धी व्यवस्था (दफा १३५ देखि १४३ सम्म)<br>• परिच्छेद १३: वारिस सम्बन्धी व्यवस्था (दफा १४४ देखि १५५ सम्म)<br>• परिच्छेद १४: अन्तरकालीन वा अन्तरिम आदेश सम्बन्धी व्यवस्था (दफा १५६ देखि १६० सम्म)<br>• परिच्छेद १५: लिखित प्रमाण परीक्षण सम्बन्धी व्यवस्था (दफा १६१ देखि १७८ सम्म)<br>• परिच्छेद १६: साक्षी परीक्षण सम्बन्धी व्यवस्था (दफा १७९ देखि १८९ सम्म)<br>• परिच्छेद १७: मुद्दाको सुनुवाइ तथा फैसला सम्बन्धी व्यवस्था (दफा १९० देखि २०० सम्म)<br>• परिच्छेद १८: मुल्तबी तथा स्थानान्तरण सम्बन्धी व्यवस्था (दफा २०१ देखि २०४ सम्म)<br>• परिच्छेद १९: पुनरावेदन सम्बन्धी व्यवस्था (दफा २०५ देखि २१८ सम्म)<br>• परिच्छेद २०: मुद्दा दोहोऱ्याउने तथा पुनरावलोकन सम्बन्धी व्यवस्था (दफा २१९ देखि २२१ सम्म)<br>• परिच्छेद २१: म्याद तथा तारिख थमाउने सम्बन्धी व्यवस्था (दफा २२२ देखि २२८ सम्म)<br>• परिच्छेद २२: फैसला कार्यान्वयन सम्बन्धी व्यवस्था (दफा २२९ देखि २५३ सम्म)<br>• परिच्छेद २३: सरकार वादी वा पक्ष हुने देवानी मुद्दा सम्बन्धी व्यवस्था (दफा २५४ देखि २६५ सम्म)<br>• परिच्छेद २४: विविध (दफा २६६ देखि २८९ सम्म)<br>• अनुसूचीहरू १ देखि २९ सम्मः मुद्दा कारबाहीको सन्दर्भमा तयार हुने विभिन्न लिखत तथा दायरी र म्याद सूचना लगायतका नमूना ढाँचाहरू | |

| | |
|---|---|
| **मूलभूत विशेषताहरू**<br>• सामान्य कानून<br>➢ छुट्टै कानूनमा लेखिएको कुरामा असर नपर्ने (दफा ३)<br>• कार्यविधिको व्यापकता<br>➢ देवानी प्रकृतिका मुद्दाहरूको निरोपण गर्ने एकीकृत कानून<br>• कार्यविधिको एकीकृत र विस्तृत व्यवस्था<br>• देवानी कार्यविधि कानूनका सिद्धान्तहरूको उल्लेखन<br>• देवानी विधिशास्त्रिय मान्यताहरूलाई कानूनी स्वरूप प्रदान<br>• देवानी र फौजदारी मुद्दाको स्पष्ट सिमाङ्कन<br>• देवानी मुद्दाको परिभाषा<br>➢ केही मुद्दा देवानी भएकोः नाताकायम, सम्बन्ध विच्छेद<br>➢ केही नयाँ मुद्दा : फलोपभोग, दुष्कृति, सुविधाभार, अनुचित सम्वृद्धि आदि<br>• अधिकार क्षेत्र सम्बन्धी स्पष्ट व्यवस्था (दफा ११, २१ देखि २६ सम्म)<br>• हकदैया सम्बन्धी स्पष्ट व्यवस्था (दफा १०)<br>• हदम्याद सम्बन्धी स्पष्ट व्यवस्था<br>• कीर्ट फीको सट्टामा अदालती शुल्क<br>• प्रतिदावी गर्ने र प्रतिवादी कायम गर्ने नयाँ व्यवस्था<br>• म्याद तामेल सम्बन्धी परिमार्जित व्यवस्था<br>• तेस्रो पक्षको संलग्नता सम्बन्धी नवीन व्यवस्था<br>• प्रारम्भिक सुनुवाई सम्बन्धी व्यवस्था<br>• पुर्व सुनुवाइ छलफल सम्बन्धी व्यवस्था<br>• फैसला तथा फैसलाको जानकारी सम्बन्धी नयाँ व्यवस्था | **४० मिनेट** |
| **देवानी कार्यविधि कानूनका सिद्धान्त (दफा ४ देखि १५ सम्म)**<br>• सिद्धान्तको पालन गर्नुपर्ने<br>• सुनुवाई खुल्ला इजलासमा हुने<br>• अधिकार प्राप्त अदालतबाट सुनुवाई हुने<br>• हक बेहकको प्रश्न र कानूनी हैसियतसबन्धी विवाद अदालतबाट मात्र निरूपण हुने | **१० मिनेट** |

| | |
|---|---|
| • कानूनी हैसियत सम्बन्धी विवाद नियमित अदालतबाट मात्र निरूपण हुने<br>• पक्षहरूको हैसियत समान रहने<br>• फिराद दावी गर्न हकदैया हुनुपर्ने<br>• अधिकार क्षेत्र शून्य नहुने (निर्णय गर्नबाट पन्छिन नहुने)<br>• मिलापत्र वा मेलमिलाप गर्न मौका दिनुपर्ने<br>• प्राङ्न्यायको सिद्दान्त अबलम्बन गर्नुपर्ने<br>• एकतह पुनराबेदनको अधिकार हुने | |
| **सत्रको अन्तमा मुख्य वुँदाहरूको संक्षेपीकरण र प्रश्नोत्तर।** | **१० मिनेट** |

**प्रशिक्षण सामग्री**

कम्प्युटर/ल्यापटप , प्रोजेक्टर, पावर प्वाइन्ट, मार्कर (विभिन्न रंग), न्युज प्रिन्ट पेपर, मेटा कार्ड, फ्लिप चार्ट, सत्र सामग्री (Handouts), अन्य आवश्यक सामग्रीहरू (कैची, स्केल, घडी आदि)

# सत्र - तीन

# देवानी मुद्दाको दर्ता, दरपीठ र अदालती शुल्क सम्बन्धी व्यवस्था

**सहजकर्ताका लागि मार्गनिर्देश**

सहजकर्ताले देवानी कार्यविधि संहिताको आधारमा देवानी मुद्दाको दर्ता, दरपीठ र अदालती शुल्कका सम्बन्धमा सहभागीहरूलाई जानकारी गराउनु पर्नेछ। यसरी जानकारी गराउँदा फिरादपत्र तथा दावी प्रस्तुति सम्बन्धमा संक्षिप्तमा जानकारी दिनु पर्नेछ। सत्रमा मुख्य रूपमा देवानी मुद्दाको दर्ता, दरपीठ र अदालती शुल्कका बारेमा निर्धारीत उद्देश्य पूर्ति हुने गरी सत्र सञ्चालन गर्नु पर्नेछ। सत्रका लागि निर्धारीत समयमा प्रशिक्षण सत्र सम्पन्न गर्ने गरी प्रस्तुतिलाई व्यवस्थापन गर्नु पर्नेछ। प्रशिक्षकले दिग्दर्शनमा उल्लेखित विधिहरूको पालना गरी सत्र सञ्चालन गर्नु पर्नेछ। यसरी प्रशिक्षण सञ्चालन गर्दा यथासम्भव प्रशिक्षार्थीहरूलाई छलफल गर्ने र प्रश्न गर्ने समय मिल्ने गरी सत्रको व्यवस्थापन गर्नु पर्नेछ।

**मुख्य कानूनी स्रोत एवम् अन्य सन्दर्भ सामग्री**

- नेपालको संविधान
- मुलुकी देवानी कार्यविधि (संहिता) ऐन, २०७४
- मुलुकी ऐन, २०२०
- नेपाल कानून पत्रिका
  - कृष्ण गोसाईसमेत विरुद्ध पूर्ण बहादुर बुढाथोकीसमेत, ने.का.प. २०५६, अङ्क २, नि. नं. ६६७५
  - प्रभु दयाल लोहिया विरुद्ध जुट विकास तथा व्यापार संस्थान, ने.का.प. २०६९, अङ्क ४, नि.नं. १५५०

  *(नोटः माथि उल्लेखित नजीरहरू प्रतिनिधिमूलक मात्र हुन्। अन्य सान्दर्भिक नजीरहरू सहजकर्ताबाट उपलब्ध हुन सक्नेछन्।)*

**सत्रको उद्देश्यः**

सहभागीहरूलाई:

- फिरादपत्र तथा दावी प्रस्तुति सम्बन्धी अवधारणाको संक्षिप्त जानकारी गराउने;
- देवानी मुद्दाको दर्ता र दरपीठको व्यवस्था बारे बताउने;

- देवानी मुद्दामा लाग्ने अदालती शुल्क र संहितामा भएका व्यवस्था जानकारी गराउने;
- सरकारवादी देवानी मुद्दाको दर्ता सम्बन्धी व्यवस्थाको जानकारी गराउने।

**प्रस्तुति तथा छलफलमा सहजकर्ताले ध्यान दिनुपर्ने कुराहरू**

- सत्रका लागि तोकिएका निश्चित शीर्षक र सोको लागि निर्धारीत समय।
- उपलव्ध अध्ययन सामग्रीहरू जस्तो दिग्दर्शन, स्रोत सामग्री, पावर प्वाइन्ट आदि।
- प्रशिक्षण विधिः प्रस्तुतीकरण, छलफल, प्रश्नोत्तर, घटना अध्ययन / भूमिका अभिनय (Case study/role play), अभ्यास आदि।
- सहभागीहरूको आवश्यकता र सत्रको उद्देश्य अनुरूप सहभागीहरूको अपेक्षाको मूल्याङ्कन सहित सहभागीबाट पृष्ठपोषण लिंदै विषयवस्तुमा केन्द्रित भई सत्र सञ्चालन गर्ने।
- सहभागीहरूबाट सत्रको अन्त्यमा पृष्ठपोषण लिने।

**सत्र योजना**

| क्रियाकलाप | समय |
|---|---|
| **सत्रमा प्रस्तुत हुने विषयहरू उल्लेख गर्ने**<br>**सत्रको उद्देश्य बताउने** | **१० मिनेट** |
| **देवानी मुद्दाको दर्ता सम्बन्धी व्यवस्था**<br>• फिरादपत्र तथा दावी प्रस्तुति<br>➢ हक पुग्ने विषयमा मात्र फिराद दिनु पर्ने (दफा ८६)<br>➢ एउटै र एकपटक मात्रै फिरादपत्र दिन सक्ने (दफा ८७ र ८९)<br>➢ वादी वा प्रतिवादीको संख्याले असर नपार्ने (दफा ८८)<br>➢ फिरादपत्र हदम्याद भित्र दायर गर्नु पर्ने (दफा ९०)<br>➢ अदालतको अनुमतिले जोसुकैले फिराद दिन सक्ने (दफा ९१)<br>➢ नाबालक, अशक्त वा बेपत्ता व्यक्तिको तर्फबाट मुद्दा गर्न सक्ने (दफा २६७)<br>➢ संगठित संस्था र सरकारी निकायको तर्फबाटसमेत फिरादपत्र दिन सक्ने (दफा ९३)<br>➢ फैसला भएको विषयमा फिराद पत्र दिन नहुने (दफा ९४)<br>➢ फिरादपत्र दस्तुर लाग्ने (दफा ९७)<br>➢ फिरादपत्र जाँच्ने (दफा ९८) | **३५ मिनेट** |

| | |
|---|---|
| ➢ रीत पुगे नपुगेको<br>➢ सबुद प्रमाण संलग्न भए नभएको<br>➢ हदम्याद (नोटः सत्र चौधमा विस्तृत छलफल हुने)<br>➢ हकदैया (नोटः सत्र चौधमा विस्तृत छलफल हुने)<br>➢ अधिकार क्षेत्र *(नोटः सत्र तेह्रमा विस्तृत छलफल हुने)*<br>• सरकारवादी देवानी मुद्दा<br>➢ उजुर नपरेमा पनि मुद्दा चलाउन सक्ने (दफा २५४)<br>➢ व्यक्तिलाई सूचना (दफा २५६)<br>➢ पक्ष कायम गर्ने (दफा २५७)<br>➢ देवानी मुद्दा चलाउने सम्बन्धी व्यवस्था (दफा २५८)<br>➢ हदम्याद (दफा २५९)<br>➢ पुनरावेदन म्याद सम्बन्धी व्यवस्था (दफा २६२)<br>➢ नेपाल सरकार उपर नालिस दिने कार्यविधि (दफा २६४) | |
| **देवानी मुद्दामा दरपीठ सम्बन्धी व्यवस्था**<br>• लिखत जाँच गर्नु पर्ने (दफा १२६)<br>➢ कानून बमोजिमको रीत, ढाँचा<br>➢ हदम्याद, म्याद<br>➢ हकदैया (संरक्षक भई वा अनुमति लिनेसमेत)<br>➢ अधिकारक्षेत्र<br>➢ स्पष्ट दावी<br>➢ लेखाइ र प्रस्तुती (अशुद्धि, अपूर्ण, अङ्क र अक्षर) फरक परे वा नपरेको<br>➢ सम्बद्ध कागज प्रमाण<br>• रीत नपुगेको लिखत सच्याउन मौका दिनु पर्ने (दफा १२७)<br>➢ दरपीठ गरी भरपाई लिई सच्याउन म्याद दिने<br>➢ सच्याउन दिने म्यादको अवधि<br>• लिखत दरपीठ गर्नु पर्ने (दफा १२८)<br>➢ हदम्याद वा म्यादभित्र नभएको<br>➢ सम्बन्धित अदालतको अधिकारक्षेत्रभित्र नपर्ने | **१५ मिनेट** |

| | |
|---|---|
| ➢ अदालतले हेर्न नपर्ने वा नहुने<br>➢ कानून विपरीत भएको देखिएमा<br>• अदालतमा अभिलेख राख्ने (दफा १२९)<br>• दरपीठ आदेश उपर निवेदन दिन सक्ने (दफा १३०)<br>➢ सम्बन्धित अधिकृतले दरपीठ गरे उपर न्यायाधीश समक्ष<br>➢ न्यायाधीश स्वयंले दरपीठ गरेको भए पुनरावेदन सुन्ने अदालत समक्ष | |
| **अदालती शुल्क सम्बन्धी संक्षिप्त अवधारणा**<br>**अदालती शुल्क सम्बन्धी संहितामा भएका कानूनी व्यवस्था**<br>• अदालती शुल्क लाग्ने व्यवस्था (दफा ६३)<br>➢ फिरादपत्र वा पुनरावेदनपत्र दिँदा वा प्रतिदावी लिँदा<br>➢ पुनरावलोकन गरी वा मुद्दा दोहोऱ्याई पाउँ भनी दिएको निवेदनमा पुनरावलोकन गर्ने वा दोहोऱ्याउने आदेश भएमा<br>• अदालती शुल्क नलाग्ने व्यवस्था (दफा ६३)<br>➢ नेपाल सरकार वा प्रदेश सरकार वादी हुने मुद्दा<br>➢ स्थानीय तहको क्षेत्राधिकार भित्रको मुद्दा<br>➢ सार्वजनिक वा सरकारी सम्पत्तिको उपयोगको मुद्दा<br>➢ नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिएको निकायबाट कारबाही हुने मुद्दा<br>• अदालती शुल्क दाखिल नगरी दर्ता भएमा सो मुद्दा खारेज हुने (दफा ६४)<br>• अदालती शुल्क पछि लिने गरी मुद्दा हेरिन सक्ने (दफा ६५)<br>➢ आर्थिक अवस्था अत्यन्त कमजोर भई लाग्ने अदालती शुल्क पूर्ण वा आंशिक रूपमा बुझाउन असमर्थ भएमा<br>➢ अदालती शुल्क तिर्नु पर्ने व्यक्तिको मुद्दा परेको सम्पत्ति बाहेक अन्य सम्पत्ति केही नभएमा<br>• सम्पत्तिको मूल्य वा बिगो खुलाउनु पर्ने (दफा ६६)<br>➢ नगदमा मूल्य वा बिगो खुलाउनु पर्ने।<br>• मूल्य वा बिगो कायम गर्ने आधार (दफा ६७)<br>➢ रजिष्ट्रेशन प्रयोजनको लागि मालपोत कार्यालयले निर्धारण गरेको दस्तुर<br>➢ करको प्रयोजनको लागि प्रचलित कानून बमोजिम कुनै मूल्य निर्धारण | २० मिनेट |

| | |
|---|---|
| गरेको भए त्यस्तो मूल्य<br>➢ स्थानीय प्रचलित मूल्य<br>• अदालती शुल्क लिँदा आधार लिइने मूल्य वा विगो (दफा ६८)<br>• अदालती शुल्कको दर (दफा ६९)<br>• एकमुष्ट अदालती शुल्क लाग्ने (दफा ७०)<br>• अदालती शुल्क सम्बन्धी विशेष व्यवस्था (दफा ७१)<br>• पुनरावेदन गर्दा लाग्ने अदालती शुल्क (दफा ७३)<br>• पुनरावलोकन वा मुद्दा दोहोऱ्याई हेर्दा लाग्ने अदालती शुल्क (दफा ७४)<br>• पुनरावेदन गर्दा फैसला बमोजिम लागेको अदालती शुल्क र दण्ड जरिबाना दाखिला गर्नु पर्ने (दफा ७५)<br>• अदालती शुल्क नगदमा दाखिला गर्नु पर्ने (दफा ७६)<br>• नपुग अदालती शुल्क दाखिला गर्न लगाउने (दफा ७७)<br>• बढी अदालती शुल्क फिर्ता गर्नु पर्ने (दफा ७८)<br>• शुल्क घटीबढी लिएमा उजुरी गर्न सक्ने र सोको कारबाही सम्बन्धी व्यवस्था (दफा ७९ र ८०)<br>• अदालती शुल्क जफत हुने (दफा ८१)<br>• मुद्दा मिलापत्र, डिसमिस वा खारेज भएमा हुने अदालती शुल्क सम्बन्धी व्यवस्था (दफा ८२)<br>• अदालती शुल्क भराई दिने (दफा ८३)<br>• अदालती शुल्कलाई प्राथमिकता (दफा ८४) | |
| **सत्रको अन्तमा मुख्य बुँदाहरूको संक्षेपीकरण र प्रश्नोत्तर।** | **१० मिनेट** |

**प्रशिक्षण सामग्री**

कम्प्युटर/ल्यापटप , प्रोजेक्टर, पावर प्वाइन्ट, मार्कर (विभिन्न रंग), न्युज प्रिन्ट पेपर, मेटा कार्ड, फ्लिप चार्ट, सत्र सामग्री (Handouts), अन्य आवश्यक सामग्रीहरू (कैंची, स्केल, घडी आदि)

## सत्र - चार

## देवानी मुद्दामा प्रतिवाद, प्रतिदावी र तेस्रो पक्षको संलग्नता

**सहजकर्ताका लागि मार्गनिर्देश**

सहजकर्ताले देवानी कार्यविधि संहिताको आधारमा देवानी मुद्दाको प्रतिवाद, प्रतिदावी र तेस्रो पक्षको संलग्नताका बारेमा सहभागीहरूलाई जानकारी गराउनु पर्नेछ। यसरी जानकारी गराउँदा निर्धारीत उद्देश्य पूर्ति हुने गरी सत्र सञ्चालन गर्नु पर्नेछ। सत्रका लागि निर्धारीत समयमा प्रशिक्षण सत्र सम्पन्न गर्ने गरी प्रस्तुतिलाई व्यवस्थापन गर्नु पर्नेछ। प्रशिक्षकले दिग्दर्शनमा उल्लेखित विधिहरूको पालना गरी सत्र सञ्चालन गर्नु पर्नेछ। यसरी प्रशिक्षण सञ्चालन गर्दा यथासम्भव प्रशिक्षार्थीहरूलाई छलफल गर्ने र प्रश्न गर्ने समय मिल्ने गरी सत्रको व्यवस्थापन गर्नु पर्नेछ।

**मुख्य कानूनी स्रोत एवम् अन्य सन्दर्भ सामग्री**

- नेपालको संविधान
- मुलुकी देवानी कार्यविधि (संहिता) ऐन, २०७४
- मुलुकी ऐन, २०२०
- नेपाल कानून पत्रिका

  *(नोटः सहजकर्ताबाट आवश्कता अनुसार नजीर/सिद्धान्तहरू उपलब्ध हुन सक्नेछन्।)*

**सत्रको उद्देश्यः**

सहभागीहरूलाई:

- देवानी मुद्दाको प्रतिवाद र प्रतिदावी सम्बन्धी अवधारणा बारे बताउने;
- देवानी मुद्दाको प्रतिवाद र प्रतिदावी सम्बन्धी संहितामा भएका व्यवस्था जानकारी गराउने;
- देवानी मुद्दामा तेस्रो पक्षको संलग्नता सम्बन्धी अवधारणा बारे बताउने;
- देवानी मुद्दाको तेस्रो पक्षको संलग्नता सम्बन्धी संहितामा भएका व्यवस्था जानकारी गराउने।

**प्रस्तुति तथा छलफलमा सहजकर्ताले ध्यान दिनुपर्ने कुराहरू**

- सत्रका लागि तोकिएका निश्चित शीर्षक र सोको लागि निर्धारीत समय।
- उपलव्ध अध्ययन सामग्रीहरू जस्तो दिग्दर्शन, स्रोत सामग्री, पावर प्वाइन्ट आदि।
- प्रशिक्षण विधिः प्रस्तुतीकरण, छलफल, प्रश्नोत्तर, घटना अध्ययन / भूमिका अभिनय (Case study/role play), अभ्यास आदि।

- सहभागीहरूको आवश्यकता र सत्रको उद्देश्य अनुरूप सहभागीहरूको अपेक्षाको मूल्याङ्कन सहित सहभागीबाट पृष्ठपोषण लिंदै विषयवस्तुमा केन्द्रित भई सत्र सञ्चालन गर्ने।
- सहभागीहरूबाट सत्रको अन्त्यमा पृष्ठपोषण लिने

**सत्र योजना**

| क्रियाकलाप | समय |
|---|---|
| **सत्रमा प्रस्तुत हुने विषयहरू उल्लेख गर्ने**<br>**सत्रको उद्देश्य बताउने** | **१० मिनेट** |
| **प्रतिउत्तर (प्रतिवाद) तथा प्रतिदावी सम्बन्धी व्यवस्था**<br>• अवधारणा<br>• प्रतिउत्तर र प्रतिउत्तर सरहको पुनरावेदन<br>• प्रतिउत्तर जिकिर तथा प्रतिदावीबीच फरक | **१५ मिनेट** |
| **प्रतिदावी सम्बन्धी मौजुदा कानूनी व्यवस्था (अ.ब. ७८ र ८० नं.)**<br>**प्रतिदावी सम्बन्धी संहितामा भएका व्यवस्था**<br>• प्रतिउत्तर पेश गर्नु पर्ने (दफा ११९)<br>• प्रतिदावी पेश गर्न सक्ने (दफा १२१)<br>➢ प्रतिदावी फिरादको विषयसंग सम्बन्धित हुनुपर्ने<br>➢ प्रतिदावी लिनेले अदालती शुल्क बुझाउनुपर्ने<br>➢ प्रतिदावीको जानकारी वादीलाई दिनुपर्ने<br>➢ प्रतिदावी लिएको मुद्दामा वादी वा प्रतिवादीले तारिख गुजारेमा हुने परिणाम (दफा १४१ पनि सान्दर्भिक)<br>• प्रतिउत्तर दस्तुर (दफा १२५) | **३० मिनेट** |
| **मुद्दामा तेस्रो पक्षको संलग्नता सम्बन्धी व्यवस्था**<br>• सैद्धान्तिक अवधारणा<br>• मौजुदा कानूनी व्यवस्था (अ.ब. १३९ नं, अदालत नियमावलीहरूमा भएका व्यवस्था)<br>• संहितामा भएको व्यवस्था<br>➢ अदालतले तेस्रो पक्ष कायम गराउन सक्ने (दफा १२३) | **२० मिनेट** |

| | |
|---|---|
| ➢ निवेदनबाट तेस्रो पक्ष कायम हुने (दफा १२४)<br>➢ प्रभावित पक्षलाई बुझ्ने (दफा १७६)<br>➢ अदालतको आदेशबाट र निवेदनबाट कायम हुने तेस्रो पक्षबीच फरक | |
| **सत्रको अन्तमा मुख्य बुँदाहरूको संक्षेपीकरण र प्रश्नोत्तर।** | **१५ मिनेट** |

**प्रशिक्षण सामग्री**

कम्प्युटर/ल्यापटप , प्रोजेक्टर, पावर प्वाइन्ट, मार्कर (विभिन्न रंग), न्युज प्रिन्ट पेपर, मेटा कार्ड, फ्लिप चार्ट, सत्र सामग्री (Handouts), अन्य आवश्यक सामग्रीहरू (कैची, स्केल, घडी आदि)

# सत्र - पाँच

# देवानी मुद्दामा अन्तरिम र अन्तरकालीन आदेश सम्बन्धी व्यवस्था

**सहजकर्ताका लागि मार्गनिर्देश**

सहजकर्ताले देवानी कार्यविधि संहिताको आधारमा देवानी मुद्दा र निषेधाज्ञामा अन्तरिम र अन्तरकालीन आदेश सम्बन्धी व्यवस्थाका बारेमा सहभागीहरूलाई जानकारी गराउनु पर्नेछ। सत्रमा मुख्य रूपमा देवानी मुद्दामा अन्तरिम र अन्तरकालीन आदेश सम्बन्धी अवधारणा र सो सम्बन्धी व्यवस्था बारेमा निर्धारीत उद्देश्य पूर्ति हुने गरी सत्र सञ्चालन गर्नु पर्नेछ। सत्रका लागि निर्धारीत समयमा प्रशिक्षण सत्र सम्पन्न गर्ने गरी प्रस्तुतिलाई व्यवस्थापन गर्नु पर्नेछ। प्रशिक्षकले दिग्दर्शनमा उल्लेखित विधिहरूको पालना गरी सत्र सञ्चालन गर्नु पर्नेछ। यसरी प्रशिक्षण सञ्चालन गर्दा यथासम्भव प्रशिक्षार्थीहरूलाई छलफल गर्ने र प्रश्न गर्ने समय मिल्ने गरी सत्रको व्यवस्थापन गर्नु पर्नेछ।

**मुख्य कानूनी स्रोत एवम् अन्य सन्दर्भ सामग्री**

- नेपालको संविधान
- मुलुकी देवानी कार्यविधि (संहिता) ऐन, २०७४
- मुलुकी ऐन, २०२०
- सर्वोच्च अदालत नियमावली, २०७४
- उच्च अदालत नियमावली, २०७३
- जिल्ला अदालत नियमावली, २०५२
- नेपाल कानून पत्रिका (जस्तैः)
    - अर्थ मन्त्रालय, भन्सार विभाग, विराटनगर भंसार कार्यालय रानी विरुद्ध अरुण कुमार खण्डेवाल, ने.का.प. २०५६, अङ्क ८, नि.नं. ६७७६

    *(नोटः माथि उल्लेखित नजीरहरू प्रतिनिधिमूलक मात्र हुन्। अन्य सान्दर्भिक नजीरहरू सहजकर्ताबाट उपलब्ध हुन सक्नेछन्।)*

**सत्रको उद्देश्य**

सहभागीहरूलाई:

- देवानी मुद्दा देवानी मुद्दा र निषेधाज्ञामा अन्तरिम र अन्तरकालीन आदेश सम्बन्धी अवधारणा बताउने;

- अन्तरिम र अन्तरकालीन आदेशबीच फरक बताउने;
- देवानी कार्यविधि संहितामा अन्तरिम र अन्तरकालीन आदेश जारी/ रद्द हुने अवस्था र प्रक्रियाहरूको जानकारी दिने;
- देवानी कार्यविधि संहिता र मौजुदा कानूनमा भएका अन्तरिम र अन्तरकालीन आदेश सम्बन्धी व्यवस्थाबीचको फरक छलफल गराइ स्पष्ट पार्ने।

**प्रस्तुति तथा छलफलमा सहजकर्ताले ध्यान दिनुपर्ने कुराहरू**

- सत्रका लागि तोकिएका निश्चित शीर्षक र सोको लागि निर्धारीत समय।
- उपलव्ध अध्ययन सामग्रीहरू जस्तो दिग्दर्शन, स्रोत सामग्री, पावर प्वाइन्ट आदि।
- प्रशिक्षण विधिः प्रस्तुतीकरण, छलफल, प्रश्नोत्तर, घटना अध्ययन / भूमिका अभिनय (Case study/role play), अभ्यास आदि।
- सहभागीहरूको आवश्यकता र सत्रको उद्देश्य अनुरूप सहभागीहरूको अपेक्षाको मूल्याङ्कन सहित सहभागीबाट पृष्ठपोषण लिंदै विषयवस्तुमा केन्द्रित भई सत्र सञ्चालन गर्ने।
- सहभागीहरूबाट सत्रको अन्त्यमा पृष्ठपोषण लिने।

**सत्र योजना**

| क्रियाकलाप | समय |
|---|---|
| **सत्रमा प्रस्तुत हुने विषयहरू उल्लेख गर्ने**<br>**सत्रको उद्देश्य बताउने** | **५ मिनेट** |
| **अन्तरिम र अन्तरकालीन आदेश सम्बन्धी सैद्धान्तिक अवधारणा**<br>• अन्तरिम आदेश<br>• अन्तरकालीन आदेश<br>**अन्तरिम आदेशका प्रकार**<br>• निरोधात्मक आदेश<br>• अन्तरिम निषेधाज्ञा<br>• निर्देशात्मक आदेश<br>• बाध्यात्मक निषेधाज्ञा<br>**अन्तरिम आदेश जारी हुने आधारहरुः**<br>• प्रथम दृष्टिमा निवेदकको हक सरोकार रहेको देखिएमा<br>• गरे बिराए जस्तो अवस्थाको विद्यमानता | **३० मिनेट** |

| | |
|---|---|
| • अपूरणीय क्षति<br>• सुविधा सन्तुलन निवेदकको पक्षमा रहेको अवस्था<br>**अन्तरिम र अन्तरकालीन आदेशबीचको फरक** | |
| **अन्तरिम र अन्तरकालीन आदेश सम्बन्धी मौजुदा कानूनी व्यवस्था**<br>• अदालती बन्दोबस्तको १७१(क) र (ख) नं.<br>• सर्वोच्च अदालत नियमावली, २०७४ (नियम ४९)<br>• उच्च अदालत नियमावली, २०७३ (नियम ४२ र ६१)<br>• जिल्ला अदालत नियमावली, २०५२ (नियम १८ ञ र २९ ज)<br>**अन्तरिम र अन्तरकालीन आदेश सम्बन्धी संहितामा भएको व्यवस्था (दफा १५६ देखि १६० सम्म)**<br>• दफा १५६ अन्तर्गत हुने अन्तरकालीन र अन्य अन्तरकालीन आदेशबीच फरक<br>• अन्तरिम र अन्तरकालीन आदेश उपरको निवेदन (दफा १५७)<br>• आदेश जारी हुने अवस्था र प्रक्रिया (दफा १५८)<br>• आदेश बदर/रद्द हुने अवस्था र प्रक्रिया (दफा १५९)<br>• अन्तरिम आदेशको कारणबाट भएको हानि नोक्सानीको क्षतिपूर्ति (दफा १६०)<br>• अदालतले आदेश दिन सक्ने (देवानी संहिताः दफा ५४१) | ४० मिनेट |
| **सत्रको अन्तमा मुख्य वुँदाहरूको संक्षेपीकरण र प्रश्नोत्तर।** | **१५ मिनेट** |

**प्रशिक्षण सामग्री**

कम्प्युटर/ल्यापटप , प्रोजेक्टर, पावर प्वाइन्ट, मार्कर (विभिन्न रंग), न्युज प्रिन्ट पेपर, मेटा कार्ड, फ्लिप चार्ट, सत्र सामग्री (Handouts), अन्य आवश्यक सामग्रीहरू (कैंची, स्केल, घडी आदि)

# सत्र - छ

# देवानी मुद्दामा प्रमाण परीक्षण सम्बन्धी व्यवस्था

**सहजकर्ताका लागि मार्गनिर्देश**

सहजकर्ताले देवानी कार्यविधि संहिताका आधारमा देवानी मुद्दामा लिखत प्रमाण परीक्षण र साक्षी प्रमाण परीक्षण सम्बन्धी व्यवस्थाका बारेमा सहभागीहरूलाई जानकारी गराउनु पर्नेछ। यसरी जानकारी गराउँदा निर्धारीत उद्देश्य पूर्ति हुने गरी सत्र सञ्चालन गर्नु पर्नेछ। सत्रका लागि निर्धारीत समयमा प्रशिक्षण सत्र सम्पन्न गर्ने गरी प्रस्तुतिलाई व्यवस्थापन गर्नु पर्नेछ। प्रशिक्षकले दिग्दर्शनमा उल्लेखित विधिहरूको पालना गरी सत्र सञ्चालन गर्नु पर्नेछ। यसरी प्रशिक्षण सञ्चालन गर्दा यथासम्भव प्रशिक्षार्थीहरूलाई छलफल गर्ने र प्रश्न गर्ने समय मिल्ने गरी सत्रको व्यवस्थापन गर्नु पर्नेछ।

**मुख्य कानूनी स्रोत एवम् अन्य सन्दर्भ सामग्री**

- नेपालको संविधान
- मुलुकी देवानी कार्यविधि (संहिता) ऐन, २०७४ (परिच्छेद १५, १६ र अन्य)
- मुलुकी ऐन, २०२०
- प्रमाण ऐन, २०३१
- जिल्ला अदालत नियमावली, २०५२
- नेपाल कानून पत्रिका (जस्तैः)
    - देवीमाया श्रेष्ठनी विरुद्ध पदम नारायण, ने.का.प. २०२४, अङ्क १, नि.नं. ३६७
    - घसिटे खाँ विरुद्ध रामसुख बर्मासमेत, ने.का.प. २०४२, अङ्क ८, नि.नं. २४४५
    - लोक बहादुरु भण्डारी विरुद्ध कृष्ण बहादुर बुढाथापा, ने.का.प. २०५६, अङ्क ३, नि.नं. ६६८८

    *(नोटः माथि उल्लेखित नजीरहरू प्रतिनिधिमूलक मात्र हुन्। अन्य सान्दर्भिक नजीरहरू सहजकर्ताबाट उपलब्ध हुन सक्नेछन्।)*

**सत्रको उद्देश्यः**

सहभागीहरूलाई:

- देवानी कार्यविधि संहिताको देवानी मुद्दामा लिखत प्रमाण परीक्षण सम्बन्धी नयाँ व्यवस्थाहरू बताउने;

- देवानी कार्यविधि संहिताको देवानी मुद्दामा साक्षी प्रमाण परीक्षण सम्बन्धी नयाँ व्यवस्थाहरू बताउने;
- देवानी कार्यविधि संहिता र मौजुदा कानूनमा भएका प्रमाण परीक्षण सम्बन्धी व्यवस्थाबीचको फरक छलफल गराइ स्पष्ट पार्ने।

### प्रस्तुति तथा छलफलमा सहजकर्ताले ध्यान दिनुपर्ने कुराहरू

- सत्रका लागि तोकिएका निश्चित शीर्षक र सोको लागि निर्धारीत समय।
- उपलव्ध अध्ययन सामग्रीहरू जस्तो दिग्दर्शन, स्रोत सामग्री, पावर प्वाइन्ट आदि।
- प्रशिक्षण विधिः प्रस्तुतीकरण, छलफल, प्रश्नोत्तर, घटना अध्ययन / भूमिका अभिनय (Case study/role play), अभ्यास आदि।
- सहभागीहरूको आवश्यकता र सत्रको उद्देश्य अनुरूप सहभागीहरूको अपेक्षाको मूल्याङ्कन सहित सहभागीबाट पृष्ठपोषण लिंदै विषयवस्तुमा केन्द्रित भई सत्र सञ्चालन गर्ने।
- सहभागीहरूबाट सत्रको अन्त्यमा पृष्ठपोषण लिने।

### सत्र योजना

| क्रियाकलाप | समय |
|---|---|
| **सत्रमा प्रस्तुत हुने विषयहरू उल्लेख गर्ने**<br>**सत्रको उद्देश्य बताउने** | **५ मिनेट** |
| **प्रमाण सम्बन्धी अवधारणा र आवश्यकता**<br>**प्रमाणमा प्रकारहरू** | **१० मिनेट** |
| **संहितामा भएका लिखत प्रमाण परीक्षण सम्बन्धी नवीन व्यवस्थाहरू (दफा १६१ देखि १७१ सम्म)**<br>• प्रमाण सम्बन्धी लिखत पेश गर्नु पर्ने (दफा १६१)<br>• प्रमाणको उल्लेखन गर्नु पर्ने (दफा १६२)<br>• प्रमाण पेश गर्न समय माग गर्न सक्ने (दफा १६३)<br>• प्रमाण पेश गर्न अनुमति (दफा १६४)<br>• प्रतिउत्तर पेश नभई प्रमाण बुझ्न नसकिने (दफा १६६)<br>• प्रमाण बुझ्नु पर्ने अवधि (दफा १६७) | **३० मिनेट** |

| | |
|---|---|
| • ठहर गर्नुपर्ने कुरामा प्रमाण बुझ्नु पर्ने (दफा १६८)<br>• अन्य व्यक्तिबाट प्रमाण पेश गर्न लगाउने (दफा १६९)<br>• प्रमाण बुझ्ने क्रममा आपत्ति र आदेश (दफा १७०)<br>• कागज गराउन सक्ने (दफा १७१)<br>• सद्देकीर्तेमा बयान गर्नु पर्ने (दफा १७२ देखि १७४ सम्म)<br>• बयान लिई कारबाही, सुनुवाइ र किनारा गर्नु पर्ने (दफा १७५)<br>• प्रभावित पक्षलाई बुझ्नुपर्ने (दफा १७६)<br>• नाप जाँच वा नक्सा गर्ने (दफा १७७)<br>• ठाउँ अवलोकन गर्न सक्ने (दफा १७८)<br>• लिखत अनुवाद (दफा २७३)<br>• अनुवादकको सहयोग (दफा २७४)<br>• रोहबरमा बस्न इन्कार गरेमा सजाय हुने (दफा २७७) | |
| **साक्षी परीक्षण सम्बन्धी मौजुदा कानूनी व्यवस्था**<br>• प्रमाण ऐन, २०३१ (परिच्छेद ८)<br>• मुलुकी ऐन, (अदालती बन्दोबस्तको महल)<br>• जिल्ला अदालत नियमावली, २०५२, नियम १८ङ, २८ र २९)<br>**संहितामा भएका साक्षी परीक्षण सम्बन्धी नवीन व्यवस्थाहरू (दफा १७९ देखि १८९ सम्म)**<br>• पक्षले साक्षी उपस्थित गराउनु पर्ने (दफा १७९)<br>• साक्षी बकाउने सम्बन्धी अन्य व्यवस्था (दफा २६०)<br>• अदालतबाटै साक्षी झिकाउने (दफा १८०)<br>• साक्षी बुझ्न कर्मचारी खटाउन सकिने (दफा १८१)<br>• श्रव्य दृश्यमार्फत साक्षी परीक्षण (दफा १८२)<br>• साक्षी परीक्षण गर्ने दिन तोक्नु पर्ने र तोकिएको दिन साक्षी परिक्षण गर्नुपर्ने (दफा १८३ र १८६)<br>• शपथको व्यवस्था (दफा १८४)<br>• साक्षी परीक्षण न्यायाधीशले नै गर्नुपर्ने (दफा १८५)<br>➢ आवश्यकता अनुसार कर्मचारीको सहयोग लिन सक्ने<br>• साक्षी वकपत्र तथा कैफियत भए सो खुलाई प्रमाणित (दफा १८७ र १८८) | **३५ मिनेट** |

| | |
|---|---|
| • बन्द सवाल विद्युतीय माध्यमबाट पनि पठाउन सकिने (दफा १८९)<br>• पक्ष वा साक्षीको परिचय गोप्य (दफा २७६) | |
| **सत्रको अन्तमा मुख्य बुँदाहरूको संक्षेपीकरण र प्रश्नोत्तर।** | **१० मिनेट** |

**प्रशिक्षण सामग्री**

कम्प्युटर/ल्यापटप , प्रोजेक्टर, पावर प्वाइन्ट, मार्कर (विभिन्न रंग), न्युज प्रिन्ट पेपर, मेटा कार्ड, फ्लिप चार्ट, सत्र सामग्री (Handouts), अन्य आवश्यक सामग्रीहरू (कैची, स्केल, घडी आदि)

# सत्र - सात

# देवानी मुद्दाको सुनुवाइ प्रक्रिया, मुल्तवी, स्थानान्तरण, फैसला र पुनरावेदन

**सहजकर्ताका लागि मार्गनिर्देश**

सहजकर्ताले देवानी कार्यविधि संहिताका आधारमा देवानी मुद्दाको सुनुवाइ प्रक्रिया, मुल्तवी, स्थानान्तरण, फैसला र पुनरावेदन बारेमा सहभागीहरूलाई जानकारी गराउनु पर्नेछ। यसरी जानकारी गराउँदा निर्धारीत उद्देश्य पूर्ति हुने गरी सत्र सञ्चालन गर्नु पर्नेछ। सत्रका लागि निर्धारीत समयमा प्रशिक्षण सत्र सम्पन्न गर्ने गरी प्रस्तुतिलाई व्यवस्थापन गर्नु पर्नेछ। प्रशिक्षकले दिग्दर्शनमा उल्लेखित विधिहरूको पालना गरी सत्र सञ्चालन गर्नु पर्नेछ। यसरी प्रशिक्षण सञ्चालन गर्दा यथासम्भव प्रशिक्षार्थीहरूलाई छलफल गर्ने र प्रश्न गर्ने समय मिल्ने गरी सत्रको व्यवस्थापन गर्नु पर्नेछ।

**मुख्य कानूनी स्रोत एवम् अन्य सन्दर्भ सामग्री**

- नेपालको संविधान
- मुलुकी देवानी कार्यविधि (संहिता) ऐन, २०७४
- मुलुकी ऐन, २०२०
- नेपाल कानून पत्रिका
  - कलर ठाकुर हजाम विरुद्ध जि. भू. का. सप्तरीसमेत, ने.का.प. २०४३, अङ्क ४, नि.नं. २६७६
  - कपिलेश्वर यादव विरुद्ध श्री ५ को सरकार, ने.का.प. २०४३ , अङ्क ६, नि.नं. २७५०
  - कृष्ण राज पुडासैनी विरुद्ध भू. सु. अ. आर. डि. प्रभाससमेत, ने.का.प.२०४८ , अङ्क ६, नि.नं. ४३१४

  *(नोटः माथि उल्लेखित नजीरहरू प्रतिनिधिमूलक मात्र हुन्। अन्य सान्दर्भिक नजीरहरू सहजकर्ताबाट उपलब्ध हुन सक्नेछन्।)*

**सत्रको उद्देश्यः**

सहभागीहरूलाईः

- देवानी मुद्दाको सुनुवाइ प्रक्रिया बारेमा बताउने;
- देवानी मुद्दाको मुल्तवी र स्थानान्तरण प्रक्रिया बारेमा जानकारी गराउने;
- देवानी मुद्दाको फैसला र पुनरावेदन प्रक्रिया बारेमा बताउने;
- देवानी मुद्दाको पुनरावेदन सरहका अन्य व्यवस्थाका बारेमा स्पष्ट पार्ने।

**प्रस्तुति तथा छलफलमा सहजकर्ताले ध्यान दिनुपर्ने कुराहरू**

- सत्रका लागि तोकिएका निश्चित शीर्षक र सोको लागि निर्धारीत समय।
- उपलव्ध अध्ययन सामग्रीहरू जस्तो दिग्दर्शन, स्रोत सामग्री, पावर प्वाइन्ट आदि।
- प्रशिक्षण विधिः प्रस्तुतीकरण, छलफल, आदि।
- सहभागीहरूको आवश्यकता र सत्रको उद्देश्य अनुरूप सहभागीहरूको अपेक्षाको मूल्याङ्कन सहित सहभागीबाट पृष्ठपोषण लिंदै विषयवस्तुमा केन्द्रित भई सत्र सञ्चालन गर्ने।
- सहभागीहरूबाट सत्रको अन्त्यमा पृष्ठपोषण लिने।

**सत्र योजना**

| क्रियाकलाप | समय |
|---|---|
| **सत्रमा प्रस्तुत हुने विषयहरू उल्लेख गर्ने**<br>**सत्रको उद्देश्य बताउने** | **५ मिनेट** |
| **देवानी मुद्दाको सुनुवाइ प्रक्रिया सम्बन्धी व्यवस्था**<br>• सहमति भएको विषयमा फैसला गर्न सक्ने (दफा १९०)<br>• पूर्व सुनुवाइ छलफल गराउन सक्ने (दफा १९१)<br>• प्रमाण बुझ्ने कार्य सम्पन्न भएपछि सुनुवाइ गर्नुपर्ने (दफा १९२)<br>➢ खुला / बन्द इजलासमा सुनुवाइ हुन सक्ने (दफा २६८)<br>➢ पक्षलाई रोहबरमा राख्ने (दफा २६९)<br>➢ मुद्दा हेर्दाको प्राथमिकता क्रम (दफा २७०)<br>➢ स्वार्थ बाझिएको मुद्दा हेर्न नहुने (दफा २७१)<br>➢ न्यायाधीश आफैंले गर्नु पर्नेमा कर्मचारीको सहयोग लिन सक्ने (दफा २७२)<br>• मिलापत्र गर्न मौका दिनु पर्ने (दफा १९३)<br>• मेलमिलापबाट विवादको समाधान (दफा १९४)<br>• मिलापत्र वा मेलमिलाप हुन नसक्ने अवस्था (दफा १९५)<br>• दावी फिर्ता लिन सक्ने (दफा १९६) | **२० मिनेट** |

| | |
|---|---|
| **देवानी मुद्दाको मुल्तवी र स्थानान्तरण**<br>• मुलतवी राख्न सक्ने (दफा २०१)<br>• मुलतवी जगाउने कारण (दफा २०२)<br>• मुद्दा सार्न सक्ने (दफा २०३)<br>➢ सर्वोच्च अदालतले सुनुवाइ र किनारा गर्न सक्ने (दफा २०४)<br>➢ सर्वोच्च अदालतले सार्न आदेश दिन सक्ने<br>➢ उच्च अदालतले सार्न आदेश दिन सक्ने<br>➢ मुद्दा सार्दाको प्रक्रिया र सो उपरको पुनरावेदन | **१५ मिनेट** |
- उपलव्ध अध्ययन सामग्रीहरू जस्तो दिग्दर्शन, स्रोत सामग्री, पावर प्वाइन्ट आदि।
- प्रशिक्षण विधि/प्रस्तुतीकरण: आख्यान, व्याख्यान, छलफल, समूहगत अभ्यास, घटना अध्ययन, भूमिका अभिनय आदि।
- सहभागीहरूको आवश्यकता र सत्रको उद्देश्य अनुरूप सहभागीहरूको अपेक्षाको मूल्याङ्कन सहित सहभागीबाट पृष्ठपोषण लिंदै विषयवस्तुमा केन्द्रित भई सत्र सञ्चालन गर्ने।
- सहभागीहरूबाट सत्रको अन्त्यमा पृष्ठपोषण लिने।

**सत्र योजना**

| क्रियाकलाप | समय |
|---|---|
| **सत्रमा प्रस्तुत हुने विषयहरू उल्लेख गर्ने**<br>**सत्रको उद्देश्य बताउने** | **५ मिनेट** |
| **कार्यविधि संहितामा भएका व्यवस्थाहरू**<br>• मुद्दा हेर्दाको प्राथमिकता क्रम (फौजदारी-दफा १७०, देवानी दफा २७० )<br>• लिखतको पंजिका (फौजदारी-दफा १७१, देवानी-दफा २८४)<br>• लिखत धुलाउनु पर्ने (फौजदारी-दफा १७२, देवानी दफा २८५)<br>• लिखत अनुवाद गर्नु पर्ने (फौजदारी-दफा १७३ र १७४, देवानी-दफा २७३ र २७४)<br>• स्वार्थ वाझिएको मुद्दा हेर्न नहुने (फौजदारी-दफा १७६, देवानी दफा २७१)<br>• न्यायाधीश आफैंले गर्ने कामहरू (फौजदारी-दफा १७७, देवानी दफा २७२)<br>• रोहवरमा बस्न तथा सहीछाप गर्न सहयोग गर्नु पर्ने तथा सहयोग नगरेमा अवलम्बन गर्ने प्रक्रिया (फौजदारी-दफा १८७, देवानी-दफा २७७)<br>• असल नियतले गरेकोमा बचाउ (फौजदारी-दफा १८८, देवानी-दफा २७८)<br>• विभागीय कारबाही सम्बन्धी व्यवस्था (फौजदारी-दफा १९५, देवानी-दफा २८३)<br>• रोक्का रहेको सम्पत्ति फुकुवा गर्ने प्रक्रिया (फौजदारी-दफा १७९) | **२५ मिनेट** |

| | |
|---|---|
| • माथिल्लो तहको कर्मचारीले काम गर्न सक्ने (फौजदारी-दफा १८५)<br>• मुद्दा सकार गर्न अनुमति दिन सक्ने (फौजदारी-दफा १९०)<br>• पारस्पारिक कानूनी सहायता आदान प्रदान गर्न सकिने (फौजदारी-दफा १९१)<br>• विद्युतीय माध्यमबाट लिखत आदान प्रदान गर्न सकिने (फौजदारी-दफा १९२)<br>• क्षतिपूर्ति निर्धारण गर्नु पर्ने (देवानी - दफा २६६)<br>• नाबालक, असक्त तथा बेपत्ता भएको व्यक्तिको तर्फबाट मुद्दा गर्न सक्ने प्रक्रिया (देवानी-दफा २६७)<br>• अधिकृत वारिसनामा (देवानी दफा १५३-१५५) | |
| **विवाह सम्बन्धी नियमावलीमा भएका व्यवस्थाहरू**<br>• विवाह दर्ता प्रक्रिया<br>• सहमति पत्र तयार गर्ने प्रक्रिया<br>**मातृत्व तथा पितृत्वको निर्धारण सम्बन्धी नियमावलीमा भएका व्यवस्थाहरू**<br>**धर्मपुत्र सम्बन्धी नियमावलीमा भएका व्यवस्थाहरू**<br>**संरक्षक र माथवर सम्बन्धी नियमावलीमा भएका व्यवस्थाहरू**<br>• संरक्षक नियुक्ति र प्रमाणीकरण गर्ने प्रक्रिया<br>• सुपरिवेक्षक नियुक्ति गर्ने प्रक्रिया<br>• संरक्षकत्त्वको समाप्ति गर्ने प्रक्रिया<br>• नाबालकको माथवर हुने प्रक्रिया<br>• होस ठेगान नभएको व्यक्तिको माथवर हुने प्रक्रिया<br>• संगठित संथा माथवर हुने प्रक्रिया<br>• अदालतले माथवर नियुक्ति गर्न सक्ने प्रक्रिया<br>• अदालतको अनुमतिले सम्पत्ति खर्च गर्न सक्ने प्रक्रिया<br>• माथवरीको अन्त्य गर्ने प्रक्रिया<br>• माथवरको प्रमाणीकरण गर्ने प्रक्रिया<br>**मृत्यु तथा जीवित भएको घोषणा गर्ने प्रक्रिया**<br>**नाबालक सम्बन्धी नियमावलीमा भएका व्यवस्थाहरू**<br>• नाबालकलाई खर्च भराउने प्रक्रिया<br>• नाबालकलाई भेटघाटको सुविधा दिने प्रक्रिया<br>**व्यक्तिको सक्षमता निर्धारण सम्बन्धी नियमावलीमा भएका व्यवस्थाहरू** | **३० मिनेट** |

| | |
|---|---|
| **दामासाही सम्बन्धी नियमावलीमा भएका व्यवस्थाहरू** | |
| **सजाय सुझाव समिति सम्बन्धी व्यवस्था (सजाय निर्धारण ऐनको दफा ४६)** | **५ मिनेट** |
| **विविध व्यवस्थाहरू**<br>• मुद्दा व्यवस्थापन<br>➢ संहिता लागू हुनुभन्दा पहिलाका मुद्दा सम्बन्धी व्यवस्था<br>➢ संहिता लागू भएपछिका मुद्दा सम्बन्धी व्यवस्था<br>• न्यायिक काम बाहेक अन्य कामको व्यवस्थापन<br>• खारेज भएका ऐनको परिणाम | **१५ मिनेट** |
| **सत्रको अन्तमा मुख्य बुँदाहरूको संक्षेपीकरण र प्रश्नोत्तर।** | **१० मिनेट** |

**प्रशिक्षण सामग्री**

कम्प्युटर/ल्यापटप , प्रोजेक्टर, पावर प्वाइन्ट, मार्कर (विभिन्न् रंग), न्युज प्रिन्ट पेपर, मेटा कार्ड, फ्लिप चार्ट, सत्र सामग्री (Handouts), अन्य आवश्यक सामग्रीहरू (कैची, स्केल, घडी आदि)

# सत्र - चौबिस

# घटना अध्ययन / भूमिका अभिनय

## सहजकर्ताका लागि मार्गनिर्देश

सहजकर्ताले देवानी तथा फौजदारी कार्यविधि संहिता र सजाय निर्धारण ऐनमा भएका व्यवस्थाका आधारमा तल दिइएको मुद्दामा छलफल गर्न पर्ने विषय र सोको लागि भूमिका तथा अभिनय निर्वाह गर्ने व्यक्तिहरूको छनौट गरी समूह बनाई पूर्व सञ्चालित सत्रहरूको आधारमा अभिनय गर्न लगाई सो मा आफूले सहजिकरण गर्दै सत्र सञ्चालन गर्नु पर्नेछ। यसरी अभिनय गराउँदा सत्रमा लिइएको उद्देश्य पूर्ति हुने गरी दिग्दर्शनमा उल्लेखित विधिहरूको पालना गरी सत्र सञ्चालन गर्नु पर्नेछ। सत्रका लागि निर्धारीत समयमा प्रशिक्षण सत्र सम्पन्न गर्ने गरी प्रस्तुतिलाई व्यवस्थापन गर्नु पर्नेछ। यसरी प्रशिक्षण सञ्चालन गर्दा यथासम्भव प्रशिक्षार्थीहरूलाई छलफल गर्ने र प्रश्न गर्ने समय मिल्ने गरी सत्रको व्यवस्थापन गर्नु पर्नेछ।

## मुख्य कानूनी स्रोत एवम् अन्य सन्दर्भ सामग्री

- नेपालको संविधान
- मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४
- मुलुकी देवानी कार्यविधि (संहिता) ऐन, २०७४
- फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४
- मुलुकी ऐन, २०२०

## सत्रको उद्देश्य

- सहजकर्ताले सहभागीहरूबाट तयार गरिएको समूहलाई कसूरको गम्भीरता बढाउने घटाउने तत्वहरू पहिचान गरी प्रस्तुतीकरण गराउने;
- पीडितलाई क्षतिपूर्ति दिलाउने सम्बन्धमा उल्लेख गर्नु पर्ने कुराहरू पहिचान गर्न सहजिकरण गर्दै प्रस्तुतीकरण गराउने;
- बयानको संझौता (Plea Bargaining) सम्बन्धी व्यवस्थाको प्रक्रिया अवलम्बन गर्दै छलफल तथा प्रस्तुतीकरण गराउने;
- सजाय तथा क्षतिपूर्ति निर्धारण गर्ने प्रक्रिया र सो मा ध्यान दिनु पर्ने कुराहरूको छलफल तथा प्रस्तुतीकरण गराउने, र

- उल्लेखित कुराहरू व्यवहारिक रूपमा प्रयोग हुने गरी भूमिका निर्वाह गर्दै प्रस्तुतीकरण गराउने।

**प्रस्तुति तथा छलफलमा सहजकर्ताले ध्यान दिनुपर्ने कुराहरू**

- सत्रका लागि तोकिएका निश्चित शीर्षक र सोको लागि निर्धारीत समय।
- उपलव्ध अध्ययन सामग्रीहरू जस्तो दिग्दर्शन, स्रोत सामग्री, पावर प्वाइन्ट आदि।
- प्रशिक्षण विधिः समूह विभाजन, सहजिकरण, छलफल, अभिनय, प्रस्तुतीकरण आदि।
- सहभागीहरूको आवश्यकता र सत्रको उद्देश्य अनुरूप सहभागीहरूको अपेक्षाको मूल्याङ्कन सहित सहभागीबाट पृष्ठपोषण लिंदै विषयवस्तुमा केन्द्रित भई सत्र सञ्चालन गर्ने।
- सहभागीहरूबाट सत्रको अन्त्यमा पृष्ठपोषण लिने।

**सत्र योजना**

कुनै एउटा काल्पनिक वा वास्तविक फौजदारी मुद्दा खडा गरी बयानको संझौता (Plea Bargaining) सम्बन्धी व्यवस्थाको अवलम्बन गर्दै दायर भएको अभियोगमा कसूर स्थापित गरी त्यसमा कसूरको गम्भीरता बढाउने घटाउने तत्वहरूको विवेचना गर्दै पीडितलाई दिइने क्षतिपूर्ति निर्धारण सम्बन्धमा विभिन्न भूमिका निर्वाह गर्ने।

**काल्पनिक मुद्दाः**

२२ वर्षिया रसुवाको छिरिङ डोल्मा काठमाडौमा गलैंचा कारखानामा काम गर्दै गर्दा सोही कारखाना नजिकै रहेको होटलमा बस्ने नुवाकोटको आइते तमाङसँग भेट भयो। आइते तामाङले विदेशमा राम्रो जागिर पाइने भन्दै छिरिङ डोल्मालाई फकाउन थाल्यो। छिरिङ डोल्मा पनि आइते तामाङको कुरा मानिन्। राम्रो जागिरको लागि भनेर उनी आइते तामाङसँगै भारततिर लागिन्। तर आइते तामाङले छिरिङ डोल्मालाई फकाएर भारत पुऱ्याई मुम्बईको वेश्यालयमा नेपाली दिदी भन्ने सिन्धुपाल्चोककी डोल्मा तामाङलाई बेचेको रहेछ। सो कुरा उनलाई वेश्यावृत्तिमा लगाएपछि मात्र थाहा भयो।

केही समयको प्रतिरोध पश्चात घर फर्कने कुनै उपाय नदेखेपछि छिरिङ डोल्माले आफूलाई उक्त पेशामा आत्मसमर्पण गरिन्। सोहि ठाउँमा उनले उल्लेखित आइते तामाङले विवाहको बहाना गरी फकाई ल्याएर सोही वेश्यालयमा बेचेको नुवाकोटकी पुतली तामाङलाई पनि भेटिन्। कुनै समयमा आफू पनि बेचिएर मुम्बई पुगेकी नेपाली दिदी भन्ने डोल्मा तामाङले काँकडभिट्टाको सुनिल यादवसँग

मिली सिन्धुपाल्चोकबाट ३ जना महिलाहरूलाई फकाएर मुम्बई पुऱ्याई उक्त वेश्यालय सञ्चालन गरेकी रहिछन् भन्ने कुरा छिरिङ डोल्माले केही समयपछि थाहा पाइन्। सुनिल यादवले नेपाली महिलालाई काँकडभिट्टामा केही समय राखी मुम्बई पुऱ्याउँदै आएको कुरा सोही नेपाली दिदीबाट छिरिङ डोल्माले पनि थाहा पाइन्। त्यसरी महिला ल्याउन सकेमा राम्रो कमाई हुने कुरा उनलाई भनियो। उनले नेपाली दिदी र अन्यसँग थप महिलाहरूलाई ल्याउने सल्लाह गरी नेपाली दिदीबाट सुनिल यादवको सम्पर्क फोन नं प्राप्त गरी रसुवा फर्किइन्। उनले गाउँमा भारतमा ३/४ वर्ष काम गर्दा राम्रो कमाइ भएको रवाफ देखाउँदै गाउँमा १/२ महिना बसी पुनः भारत फर्कने कुरा गरिन्। सोही क्रममा उनले पटक पटक सुनिल यादवलाई फोन गर्दै गाउँका केही महिलाहरूलाई पनि राम्रो जागिर लगाई दिने कुरा गरेर ३ जना महिलालाई फकाई काँकडभिट्टा लगी सुनिल यादवसँग सम्पर्क गरिन्। ती महिलालाई सुनिल यादवको जिम्मा लगाएपछि सुनिल यादवले ती ३ महिलालाई विभिन्न बहाना बनाई अनुचित प्रभावमा पारी अलग अगल पारी यौन शोषण गर्ने काम गरेको रहेछ।

केही दिन पछि ती महिलाहरूलाई भारत लान आफूलाई सुनिलले विवाह गरी सँगै राख्ने भएको, सो कुरा कसैलाई नभन्नु भन्दै भारतमा साडी किन्ने बहाना बनाई आफू अगाडि गई पारी बस्ने र उनीहरूलाई पछि पछि छिरिङ डोल्मासँगै आउन लगाई भारत लैजाने सल्लाह गरी सुनिल यादव पारी गई बसेछ। ती महिलाहरूलाई भारत लैजाँदै गर्दा माइती नेपालका कर्मचारीले सोधपुछ गर्दा पोल खुल्यो। उक्त समयमा उनीहरूको साथमा छिरिङ डोल्मा पनि थिइन्। प्रहरीद्वारा पक्राउ गरी सोधपुछ गर्दा सुनिल यादव र नेपाली दिदीसँग मिलेमतो गरी योजनावद्ध रूपमा महिला बिक्री गर्न काकडभिट्टा पुऱ्याएको कुरा निजले बताइन्। यसपछि प्रहरीले छिरिङ डोल्मालाई हिरासतमा लिई अनुसन्धान शुरु गऱ्यो।

माथि उल्लेखित काल्पनिक घटनामा भूमिका अभिनय र छलफलको लागि प्रश्नहरुः

१. उल्लेखित घटनामा को को उपर के कस्ता मुद्दाहरूमा अनुसन्धान गरी मुद्दा चलाउन सकिएला? भूमिका अभिनय सहित छलफल गराउने।
२. उक्त अनुसन्धान भएको मुद्दामा बयानको संझौता (Plea Bargaining) गर्न सकिन्छ सकिदैन र सकिने भए कुन कुन मुद्दामा, कुन चरणमा, कसरी गर्न सकिएला ? भूमिका अभिनय सहित व्यवहारिक छलफल गराउने।
३. उल्लेखित घटनामा दर्ता भएको मुद्दामा कुन क्षेत्राधिकार प्रयोग गरी मुद्दा दर्ता गर्न सकिएला ?

४. उल्लेखित घटनामा दर्ता भएको मुद्दामा प्रारम्भिक र पूर्व सुनुवाइमा के के कुरामा छलफल गराउन सकिएला? भूमिका अभिनय सहित छलफल गराई निष्कर्ष निकाल्ने।

५. उल्लेखित घटनामा दर्ता भएको मुद्दामा सजाय निर्धारण प्रक्रिया के हुने र कसरी गर्ने ? भूमिका अभिनय सहित छलफल गराउने।

**प्रशिक्षण सामग्री**

मार्कर (विभिन्न रंग), न्युज प्रिन्ट पेपर, मेटा कार्ड, फ्लिप चार्ट, अन्य आवश्यक सामग्रीहरू (कैची, स्केल, घडी, घण्टी आदि)

# भाग तीन
## सन्दर्भ सामग्रीहरू

## सन्दर्भ सामग्रीः


- नेपालको संविधान
- मुलुकी ऐन, २०२०
- प्रमाण ऐन, २०३१
- न्याय प्रशासन ऐन, २०७३
- केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७४
- फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४
- मुलुकी अपराध (संहिता) ऐन, २०७४
- मुलुकी देवानी (संहिता) ऐन, २०७४
- मुलुकी देवानी कार्यविधि (संहिता) ऐन, २०७४
- मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४
- जिल्ला अदालत (बाह्रौं संशोधन) नियमावली, २०५२
- उच्च अदालत नियमावली, २०७३
- सर्वोच्च अदालत नियमावली, २०७४
- अदालत कार्यविधि निर्देशिका
- धरौट र जमानी सम्बन्धी (कार्यविधि) निर्देशिका
- म्याद तामेली निर्देशिका
- फौजदारी कसूर सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक अपराध संहिता, २०६७ को दफावार व्याख्यात्मक टिप्पणी, राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल
- मुलुकी अपराध (संहिता) ऐन, २०७४, मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ ले गरेका नयाँ व्यवस्था र सरकारी वकीलको भूमिका स्रोत सामग्री, महान्यायाधिवक्ताको कार्यालय, नेपाल
- देवानी तथा फौजदारी संहिता स्रोत सामाग्री, २०७५ (भाग १ र २), राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल
- देवानी कानूनको एकीकरण तथा संशोधन गर्न बनेको विधेयक (देवानी संहिता) व्याख्यात्मक टिप्पणी , जापान अन्तर्राष्ट्रिय सहयोग निकाय (जाइकाद्वारा प्रकाशित)
- नेपाल कानून पत्रिका

# अनुसुचीहरू

## अनुसूची १
## पूर्व प्रशिक्षण र प्रशिक्षणोत्तर मूल्याङ्कन प्रश्नावली

**कार्यक्रमको विषय :**

**प्रशिक्षण सञ्चालन मितिः**

**नाम (उल्लेख गर्न चाहेमा मात्र):........................................................................................**

**१. कृपया निम्न विषयहरूका सम्बन्धमा आफूलाई उपयुक्त लागेको महलमा -√_ चिन्ह लगाउनु होस्।**

| क.सं. | विषय | कमजोर | सामान्य | उत्तम | अति उत्तम |
|---|---|---|---|---|---|
| १. | देवानी कार्यविधि संहितामा उल्लेख भएका सिद्धान्तहरू | | | | |
| २. | बहिर्क्षेत्रिय अधिकारक्षेत्र सम्बन्धी अवधारणा | | | | |
| ३. | देवानी मुद्दाको दर्ता र दरपीठ गर्नुपर्दा अबलम्बन गर्नुपर्ने प्रक्रियाहरू | | | | |
| ४. | देवानी मुद्दामा प्रतिवाद सम्बन्धी व्यवस्था | | | | |
| ५. | प्रतिदावी सम्बन्धी अवधारणा | | | | |
| ६. | फौजदारी मुद्दामा दावीको सौदाबाजी (Plea Bargaining) सम्बन्धी अवधारणा | | | | |
| ७. | अन्तरकालीन आदेश सम्बन्धी अवधारणा | | | | |
| ८. | अन्तरिम आदेश सम्बन्धी अवधारणा | | | | |
| ९. | अनुपस्थित प्रतिवादीको सम्बन्धमा अवलम्बन गर्ने प्रक्रियाहरू | | | | |
| १०. | पूर्व सुनुवाइ छलफल सम्बन्धी अवधारणा | | | | |
| ११. | मुद्दाको सुनुवाइ गर्दा ध्यान दिनुपर्ने कुराहरू | | | | |
| १२. | प्रमाण परीक्षणको सन्दर्भमा श्रव्यदृश्य सामग्रीको प्रयोग | | | | |
| १३. | फौजदारी मुद्दामा पीडितको सहभागीता सम्बन्धी अवधारणा | | | | |
| १४. | पीडित राहत कोष सम्बन्धी व्यवस्था | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १५. | फौजदारी मुद्दा फिर्ता लिने सम्बन्धमा नयाँ संहिताले गरेका व्यवस्थाहरू | | | | |
| १६. | सजाय निर्धारणका आधारहरू | | | | |

२. कृपया निम्न विषयहरूका सम्बन्धमा आफूलाई उपयुक्त लागेको महलमा -√_ चिन्ह लगाउनु होस्।

| क्र.सं. | विषय | सत्य | गलत | थाहा छैन |
|---|---|---|---|---|
| १ | "कानूनी हैसियत सम्बन्धी विवाद नियमित अदालतबाट मात्र निरूपण हुने" देवानी कार्यविधिको सिद्धान्त हो। | | | |
| २ | मिलापत्र वा मेलमिलाप गर्न मौका दिनु पर्ने देवानी कार्यविधि संहिताको विशेषता हो। | | | |
| ३ | उच्च अदालतले मातहतको एक जिल्ला अदालतमा विचाराधीन मुद्दा अर्को जिल्ला अदालतमा सारी सुनुवाइ गर्ने आदेश दिन सक्छ। | | | |
| ४ | प्रहरीले मात्र पक्राउ पूर्जी जारी गर्न सक्छ। | | | |
| ५ | फौजदारी कार्यविधि संहिताका आधारमा अनुसन्धानको लागि आरोपित व्यक्तिलाई बढीमा चालीस दिनसम्म थुनामा राख्न सकिन्छ। | | | |
| ६ | अभियुक्तले आरोपित कसूरमा साबित भई अनुसन्धानमा सहयोग पुर्‍याएमा कम सजायको दावी लिन सकिन्छ। | | | |
| ७ | साक्षी बुझ्दा प्रतिवादी पक्षले प्राथमिकता पाउने नयाँ व्यवस्था गरिएको छ। | | | |
| ८ | अदालती शुल्क नबुझाएमा सबै अवस्थामा मुद्दा खारेज गरिन्छ। | | | |
| ९ | सरकारी वा सामुदायिक सम्पत्ति कायम हुने गरी मिलापत्र वा मेलमिलाप गराउन सकिदैन। | | | |
| १० | मानसिक अशक्तता भएको व्यक्तिको मुद्दा मुल्तवीमा राख्नु पर्छ। | | | |
| ११ | मिलापत्र उपर पुनरावलोकनको निवेदन परेमा मिलापत्रको | | | |

| | | | | |
|---|---|---|---|---|
| | कार्यान्वयन स्थगित हुन्छ। | | | |
| १२ | एक वर्षसम्म कैदको सजाय भएको मुद्दामा कसूरदारलाई त्यस्तो कैद बापत रकम तिरी कैद बस्न नपर्ने आदेश दिन सकिन्छ। | | | |
| १३ | चार वर्षसम्म कैद सजाय हुन सक्ने कसूरदारलाई सजाय निर्धारण गर्दा छुट्टै सुनुवाइ गर्नु पर्दैन। | | | |
| १४ | कसूरदारलाई समाजमा पुनर्स्थापना गर्न सहयोग गर्नु पनि सजाय निर्धारणको उद्देश्य हो। | | | |
| १५ | सामुदायिक सेवा कैद सजायको विकल्प हो। | | | |

**धन्यवाद !!!**

अनुसूची २

## प्रशिक्षणको मूल्याङ्कन

कार्यक्रमको विषयः

संचालन मितिः

नाम (उल्लेख गर्न चाहेमा मात्र)ः..........................................................................

१. कृपया निम्न विषयहरूका सम्बन्धमा आफूलाई उपयुक्त लागेको महलमा -√_ चिन्ह लगाउनु होस्।

| क्र.सं | विषय | अति उत्तम | उत्तम | राम्रो | ठिकै | कमजोर |
|---|---|---|---|---|---|---|
| १. | कार्य जिम्मेवारीसँग प्रशिक्षणको तादात्म्यता (Consistency) | | | | | |
| २. | प्रशिक्षणको विषयवस्तुका आधारमा सत्र (Session) र अन्तरक्रियाको अवधि निर्धारण | | | | | |
| ३. | प्रशिक्षणमा समावेश भएको विषयवस्तु (Contents) | | | | | |
| ४. | प्रस्तुतीकरण तथा विश्लेषणको शैली | | | | | |
| ५. | प्रशिक्षार्थीबाट जिज्ञासा (समस्या) राख्ने मौका र जिज्ञासाको सम्बोधनको तरिका | | | | | |
| ६. | अध्ययन सामग्री लगायत अन्य स्रोत साधनको उपलब्धता | | | | | |
| ७. | रा.न्या.प्रतिष्ठानबाट भएको व्यवस्थापन | | | | | |
| ८. | प्रशिक्षणबाट ज्ञान र सीपमा भएको अभिवृद्धि | | | | | |
| ९. | समग्रमा प्रशिक्षणको मूल्याङ्कन | | | | | |

**कृपया देहायका विषयमा यहाँले गर्नु भएका अनुभूतिहरू उल्लेख गरी सुधारका लागि सुझाब दिन अनुरोध छ।**

२. प्रशिक्षण कार्यक्रममा समावेश भएको विषयवस्तुको सम्बन्धमा कुनै खास टिप्पणी भए उल्लेख गरी दिनुहोस्।

.................................................................................................................

.................................................................................................................

...............................................................................................................

३. प्रशिक्षण कार्यक्रमको छनौट लगायत स्रोत व्यक्ति ,कार्यपत्र प्रस्तोता र अध्यक्ष एवम् प्यानलिष्टको विषयमा तपाईलाई केही लागेको भए उल्लेख गरी दिनुहोस्।

.................................................................................................................

.................................................................................................................

.................................................................................................................

४. प्रशिक्षण कार्यक्रममा भौतिक साधन लगायत व्यवस्थापनमा कुनै सुधार गर्नुपर्ने भए उल्लेख गरी दिनुहोस्।

.................................................................................................................

.................................................................................................................

.................................................................................................................

५. प्रशिक्षण कार्यक्रममा तपाईलाई सवैभन्दा मन परेको विषयका बारेमा उल्लेख गरी दिनुहोस्। (कम्तीमा तीनवटा)

(क) .........................................................................................................

(ख) .........................................................................................................

(ग) .........................................................................................................

६. आगामी प्रशिक्षण कार्यक्रमलाई प्रभावकारी एवम् व्यवहारिक बनाउन के कस्ता विषय समावेश गर्नु उपयुक्त हुन्छ?

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

७. प्रशिक्षण कार्यक्रमको व्यवस्थापनमा संलग्न संयोजन समूहको भूमिकाका बारेमा कुनै टिप्पणी वा सुधारका लागि सुझाब छ भने उल्लेख गरी दिनुहोस्।

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

८. यहाँलाई उल्लेख गर्न इच्छा लागेका थप विषयहरू

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

धन्यवाद।।।

## अनुसूची ३

## विभिन्न सत्रहरूमा व्यवस्था भएका मुद्दाहरूमा अदालतबाट भएको फैसला/आदेशको संक्षिप्त विवरण

### सत्र - तीनः देवानी मुद्दाको दर्ता, दरपीठ र अदालती शुल्क सम्बन्धी व्यवस्था

१. **कृष्ण गोसाईसमेत विरुद्ध पूर्ण बहादुर बुढाथोकीसमेत, ने.का.प. २०५६, अङ्क २, नि. नं. ६६७५**

मुद्धाको पक्षले फिराद नालेश लिई अदालतमा दर्ता गराउन ल्याउदाको अवस्थामै लाग्ने नलाग्ने वा दर्ता हुन नसक्ने भए यो यति कारणले यो यति हद सम्म नलाग्ने वा यो यति हदसम्म लाग्ने भनि दर्ता गराउनु ल्याउदाको अवस्थामा लेखि दिनु पर्ने र दर्ता गर्न नमिल्ने भए उसै वखत फिर्ता गर्नु पर्नेमा सो नगरी मुद्दा दर्ता गरी कारबाही भै पछि आएर सार्वजनिक हकहित सरोकार भएको जग्गा हुँदा अनुमति नलिई फिराद दर्ता गरेको भन्ने कारणले दावी नै खारेज गर्ने गरी गरेको शुरुको फैसलालाई सदर गरी पुनरावेदन अदालत पाटनबाट भएको मिति ०५०।६।१४ को फैसला मिलेको नदेखिँदा वदर हुने।

२. **प्रभु दयाल लोहिया विरुद्ध जुट विकास तथा व्यापार संस्थान, ने.का.प. २०६९, अङ्क ४, नि.नं. १५५०**

देवानी वा फौजदारीको निरोपण गर्नको लागि मुद्दाको तथ्यमा जानु पर्ने हुन्छ। दरपिठको व्यवस्था यस्तोमा लागू नहुने। केरमेट वा थपघटको प्रसंगसँग देवानी वा फौजदारी विवाद मिल्न सक्दैन। अ.बं.को ६७ नं. बमोजिम दुरुस्त ढाँचामा आएको यो फिरादलाई दर्ता गर्न नहुने भन्न पनि नमिल्ने।

### सत्र - पाँचः देवानी मुद्दामा अन्तरिम र अन्तरकालीन आदेश सम्बन्धी व्यवस्था

३. **अर्थ मन्त्रायल, भन्सार विभाग, विराटनगर भंसार कार्यालय रानी विरुद्ध अरुण कुमार खण्डेवाल, ने.का.प. २०५६, अङ्क ८, नि.नं. ६७७६**

प्रत्यर्थी कम्पनीले लिलाम स्थगित गर्न माग सम्म गरी दिएको निवेदनमा मागै नगरेको विषयमा प्रवेश गरी पुनरावेदन तहवाट निर्णय हुने विषयमा समेत परोक्षरूपमा असर पर्ने गरी सामान उठाई लग्ने भन्ने समेतको निर्णय आदेश भएको देखियो। मुद्दा माफिको रोहमा भएको कारबाही वेरीतको सम्वन्धमा परेको उजूरी वा अन्य श्रोतवाट थाहा हुन आएको विषयमा त्यस्तो कारबाही रीत वेरीत के छ पुनरावेदन तहवाट जा.ची वुझी कानून बमोजिम गर्ने गराउने अ.वं १७ नं को व्यवस्था हो। जुन मुद्दामा भएको आदेश वेरीतको छ भनि पक्षको निवेदन परेको हो सो संग सम्वन्धित मुद्दा निर्णय भई त्यस उपर पुनरावेदन परी सकेपछि मुद्दाको रोहवाट शुरुको निर्णय ठीकवेठीक

वोल्नु पर्नेमा निर्णय हुन अघि भएका आदेशको औचित्य सान्दर्भिक रहने देखिदैन। यसै सन्दर्भमा पुनरावेदन तहमा आफू समक्ष परेको पुनरावेदनमा पुनरावेदनको रोहवाट निर्णय गर्नुपर्नेमा सो नगरी एक विषयको माग गरी परेको अ.व. १७ नं वोजिमको निवेदनमा मागै नभएको विषयमा समेत प्रवेश गरी भएको आदेशलाई नै भर गरी पुनरावेदकको पुनरावेदन जिकिर पुगी सकेको ठहर गरी पुनरावेदन खारेज गर्ने गरेको फैसला मिलेको नदेखिंने।

## सत्र - छः देवानी मुद्दामा प्रमाण परीक्षण सम्बन्धी व्यवस्था

**४. देवीमाया श्रेष्ठनी विरुद्ध पदम नारायण, ने.का.प. २०२४, अङ्क १, नि.नं. ३६७**

अ.ब.१७७ नं. ले लिखतको पक्का प्रमाण रहेछ र वुझिपाउं भन्यो भने जुन सुकै तहको अड्डाले पनि मुद्दा नछिनिएको भए वुझी दिनु पर्ने।

**५. घसिटे खाँ विरुद्ध रामसुख बर्मासमेत, ने.का.प. २०४२, अङ्क ८, नि.नं. २४४५**

विवादको जग्गा वादीहरूको भए नापीकै समयमा झगडा जनाउनु पर्ने विन्तिपत्रमा लेखिएको पटवारीले दिएको भनेको एकहरफी खेस्राको हकमा वादीले शुरु फिरादसाथ त्यस्तो कुनै प्रमाण पेश गर्न नसकेको र पटवारीले दिने कागज मुद्दा परेपछि पनि तयार हुनसक्ने हुँदा अ.बं. ७७ नं.ले समेत उक्त लिखत प्रमाणमा लिन सकिने स्थिति नदेखिने।

**६. लोक बहादुरु भण्डारी विरुद्ध कृष्ण बहादुर बुढाथापा, ने.का.प. २०५६, अङ्क ३, नि.नं. ६६८८**

राष्ट्रिय विधि विज्ञान प्रयोगशालामा पठाइएकोमा लिखतमा लागेको ल्याप्चेका केही भागहरू ड्याप भई अन्य रेखाहरू पनि प्रस्ट नभएको हुनाले नमुना ल्याप्चेसंग तुलना गरी एक आपसमा मिल्छ वा मिल्दैन भनि एकीन गर्न नसकिएको भनि परिक्षण समेत हुन नसकेको स्थितिमा यस्तो लिखतलाई प्रमाणको रूपमा ग्रहण गर्न मिल्ने देखिएन। प्रतिवादीले जग्गाको हकको श्रोत खुलाउन नसकेको र अन्य प्रमाणबाट समर्थित नभएको स्थितामा फारम भरेकै भरमा मात्रै सो जग्गामा निजको हकाधिकार कायम रहेको भन्न नमिल्ने।

## सत्र - सातः देवानी मुद्दाको सुनुवाइ, मुल्तवी, स्थानान्तरण, फैसला र पुनरावेदन

**७. कलर ठाकुर हजाम विरुद्ध जि. भू. का. सप्तरीसमेत, ने.का.प. २०४३, अङ्क ४, नि.नं. २६७६**

न्यायिक वा अर्धन्यायिक निर्णय गर्न पाउने अधिकार प्राप्त अधिकारीले निर्णय गर्दा सबूद प्रमाणको मूल्यांकन गरी आधार देखाई निर्णय गर्नुपर्ने।

**८. कपिलेश्वर यादव विरुद्ध श्री ५ को सरकार, ने.का.प. २०४३ , अङ्क ६, नि.नं. २७५०**

निर्णय गर्दा भावनामा अडेर होइन कानुनको आधारमा हुन पर्ने। अकाट्य प्रमाण वादीले पेश गर्न सक्नु पर्ने। केवल जाहेरीको भनाईलाई मात्र प्रमाण आधार बनाउन मिल्ने होइन।

**९. कृष्ण राज पुडासैनी विरुद्ध भू. सु. अ. आर. डि. प्रभाससमेत, ने.का.प.२०४८ , अङ्क ६, नि.नं. ४३१४**

मोहियानी हक एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्ने वा नसर्ने भन्ने कुरा प्रमाणको मूल्याङ्कन गरी तोकिएको अधिकारी स्वयंले कानुन बमोजिमको प्रक्रिया पूरा गरी निर्णय गर्नु पर्नेमा जग्गाधनीलाई बुझ्दै नबुझी फाँटवालाले मुद्दाको संक्षिप्त तथ्य उद्धृत गरी उचित निर्णयको लागि पेश गरेको टिप्पणीमा कुनै राय नै व्यक्त नगरी प्रशासकीय टिप्पणीमा टिप्पणी उठाउनेले व्यक्त गरेको राय सरहको सम्झी सदर मात्र लेखी निर्णय गरेको अ.बं. १८५ र यस अदालतबाट प्रतिपादित सिद्धान्त समेत विपरीत निर्णय भएको देखिएकोले उक्त निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरिएको छ अब कानुन बमोजिम पुनः निर्णय गर्नु भनी विपक्षी भू.सु.का. को नाउँमा परमादेशको आदेश समेत जारी हुने।

## सत्र - दशः थुनछेक र अनुपस्थित प्रतिवादी सम्बन्धी व्यवस्था

**१०. नेत्र बहादुर खड्कासमेत विरुद्ध पूर्वाञ्चल क्षेत्रिय अदालतसमेत, ने.का.प. २०४२, अङ्क ११, नि.नं. २५४९**

कर्तव्यवाला हो भन्ने परिबन्द पुऱ्याउने मृतकको फोटो, लाश जाँच मुचुल्का, मेडिकल बोर्डको राय समेतलाई प्रमाणमा लिन मिल्ने हो होइन भन्नेतर्फ हेर्दा अ.बं.११८ को दफा ३ को देहाय (२) तथा प्रमाण ऐन, ०३१ को दफा १८ को (क) तथा (ख) ले मुद्दा पूर्पक्षको सिलसिलामा थुनछेक प्रयोजनको लागि प्रमाणमा लिन सकिने कानुनी व्यवस्था गरेको विद्यमान देखिने।

**११. सिद्धि रत्न शाक्यको हकमा बुद्ध रत्न शाक्य विरुद्ध पुनरावेदन अदालत बुटवल रूपन्देहीसमेत, ने.का.प. २०४८, अङ्क १०, नि.नं. ४३९७**

अ.बं. ११८(२) मा प्रयुक्त वाक्यांशलाई हेर्दा तीन वर्ष वा सो भन्दा बढी कैदको सजायँ हुने मुद्दामा मात्र पूर्पक्षको लागि थुनामा राख्ने भन्ने नभई तीन वर्ष वा सो भन्दा बढी कैदको सजायँ हुन सक्ने मुद्दामा समेत पूर्पक्षको लागि थुना राख्न सकिने प्रावधान रहेको देखिएकोले यस्तो अवस्थामा रिट निवेदकको हकमा अ.बं. ११८(२) आकृष्ट हुन नसक्ने भन्ने जिकिरसंग सहमत हुन नसकिने।

**१२. देवनन्दन महतोको हकमा सेवक दास तत्मा विरुद्ध बारा जिल्ला अदालतसमेत, ने.का.प. २०४९, अङ्क ७, नि.नं. ४५९२**

आरोपित कसूर गरेको प्रमाण तत्काल विद्यमान भए नभएको आधारमा थुनामा राखी मुद्दाको पूर्पक्ष गर्नु पर्ने। थुनछेकको आदेश गर्दा प्रत्येक अभियुक्तहरूले यो यस्तो अपराधजन्य कार्य गरेको भन्ने कुराको प्रतिव्यक्ति प्रमाण हुनु पर्ने यी निवेदक समेतका प्रतिवादीहरूका सम्बन्धमा केवल गोश्वारा रूपमा कसूरदार हो भन्ने मनासिब प्रमाण भएको हुँदा थुनामा राखी पूर्पक्ष गर्नु भन्ने आदेश भएको समेत अ.बं. ११८(२) नं.को मनसाय अनुकूल नदेखिने।

**१३. मान बहादुर तामाङ विरुद्ध का.जि.अ.समेत, ने.का.प. २०५२, अङ्क ६, नि.नं. ६०१६**

वारदातमा समान तथ्य र परिस्थिति भएको तथा समान संलग्नता भएका अन्य प्रतिवादीहरूलाई तारिखमा राख्ने गरी आदेश भएको, तर निवेदकको हकमा थुनामा राख्ने गरी पुनरावेदन अदालतबाट आदेश भएको पाइन्छ। उपरोक्त बमोजिम समान संलग्नता भएका प्रतिवादीहरूलाई समानरूपमा तारिखमा राख्नु पर्नेमा निवेदकलाई थुनामा राख्ने गरेको आदेश कानून संगत नदेखिने।

## सत्र - एघारः फौजदारी मुद्दामा प्रमाण परीक्षण सम्बन्धी व्यवस्था

**१४. कृष्ण चमार विरुद्ध बर्खु चमार, ने.का.प. २०४८, अङ्क ७, नि.नं. ४३२२**

७ नं. फाराम बाहेक अरु फाराम मैले (साविक पेज नं. ३५०) भरी पेश गरेको छु भनी प्रतिवादीले देखाउन नसकेको र अड्डाखानामा ०२२ सालमा नै दर्ता भइरहेको कागजमा कुनै कैफियत गरिएको भए त्यसतर्फ छुट्टै उजूर गर्न सक्नु पर्ने गर्न नसकेको त्यस्तो कागजलाई सद्दे कीर्तेमा सुनाउनु पर्ने कारण केही नदेखिने।

**१५. चन्द्र सिहं राजपुत विरुद्ध शिवदेवी राजपुतनीसमेत, ने.का.प. २०४९, अङ्क १, नि.नं. ४४६१**

कानुनले रजिष्ट्रेशन पारीत हुनु पर्ने प्रतिवादीले पेश गरेको सो मानो छुट्टिएको भन्ने लिखत पारीत नभएकोमा त्यस्तो लिखतलाई अ.बं. ७८ नं. को प्रक्रिया अपनाई सद्दे कीर्ते छुट्याउनु पर्ने प्रयोजन नै नदेखिने।

**१६. गौरी भन्ने गिरी बहादुर विरुद्ध बिलबहादुर हेमुखा, ने.का.प. २०५६, अङ्क ४, नि.नं. ६७१२**

प्रतिवादीले शुरु भूमि सुधार कार्यालयमा तारिख गुजारी वसेको समेत देखिन आएको अवस्थामा त्यस्तो प्रतिवादीलाई लिखत सुनाई रहन पर्ने समेत नदेखिँदा निज प्रतिवादीको जिकिर तर्क संगत नदेखिने।

**१७. ज्ञान लाल गोसाई विरुद्ध मधुसुदन राजोपाध्यायसमेत, ने.का.प. २०५९, अङ्क ९, नि.नं. ७१२७**

वादीहरूले फिराद गर्दा प्रमाण स्वरूप पेश गरेको कवुलियतलाई देख्न सुन्न पाएमा नामाकरण गर्नेछु भनी प्रतिउत्तर जिकिर लिएको पाइएतापनि मुद्दा पर्नु भन्दा अगाडि नै प्रतिवादीलाई सो कवुलियत वारे जानकारी भइसकेकाले मुलुकी ऐन अ.बं. ७८ नं. बमोजिम सो कवुलियत सुनाई वयान गराइरहनु पर्ने अवस्था समेत नदेखिने।

## सत्र - बाह्रः फौजदारी मुद्दाको सुनुवाइ, मुद्दा फिर्ता, मुल्तवी, फैसला, पुनरावेदन र साधक सम्बन्धी व्यवस्था

**१८. मिस मार्शाकल कास्की विरुद्ध त्रि. वि. भन्सार कार्यालयसमेत, ने.का.प. २०३४, अङ्क १, नि.नं. १०५१**

अपराधसँग सम्बन्धित कुनै तथ्य स्वीकार गर्नु र अपराध स्वीकार गर्नु एउटै कुरा होइन अभियुक्तले अपराधसँग सम्बन्धित कुनै तथ्य स्वीकार गर्दैमा त्यसलाई साविती भन्न नमिल्ने।

**१९. उमेश सिंह मुराउ विरुद्ध श्री ५ को सरकार, ने.का.प. २०४३, अङ्क १, नि.नं. २६०८**

अभियुक्त प्रहरी र अदालतमा समेत आफूले वारदात गरेकोमा सावित भएको र निजबाट बरामद हुन आएको सामानहरूबाट समेत समर्थित भइसकेकोले निज निर्दोष रहेछ भन्न सकिने अवस्था देखिन नआउने।

**२०. अधिवक्ता निलम पौडेलसमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय, ने.का.प. २०६६, अङ्क १०, नि.नं. ८४७३**

अदालतमा अभियोगपत्र दायर भएपछि मुद्दा हेर्ने अधिकारीसमक्ष पनि अभियुक्तले आफ्नो मौन रहने वा Guilty Plea वा Not Guilty Plea लिने हक उपभोग गर्न सक्छ, उसलाई बाध्य गरी जवाफ लिन नसकिने।

**२१. अधिवक्ता गोपीबहादुर भण्डारी विरुद्ध प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालयसमेत, ने.का.प. २०६९, अङ्क ३, नि.नं. ८७८९**

मुद्दा चलाउँदा प्रचलित कानूनबमोजिम चलाउने, अनि फिर्ता भने राजनीतिक सहमतिको आधारमा गर्ने हो र न्याय र कानूनको तत्वको आवश्यकता नदेखाउने हो भने फौजदारी न्याय प्रणाली चरम राजनीतिककरणको सिकार हुनसक्ने। संविधान र कानूनले परिकल्पना नै नगरेको राजनीतिक सहमतिलाई स्थान दिई एउटा विधिसम्मत् अभियोजनलाई परास्त गरेको भन्ने जिकीर लिनु र त्यस्तो आधारमा मुद्दा फिर्ता लिनु वा दिनु कानून, न्याय र विवेकसंगत हुन नसक्ने।

कानून बहाल रहने, तर कानूनको कार्यान्वयन भने राजनीतिक व्यक्ति संलग्न भए एकढंगले र अरुमा फरक ढंगले गर्न मिल्दैन। त्यो समानता, न्याय र विवेकको मापदण्डबाट समेत मिल्दैन। वस्तुतः राजनीतिक मुद्दा, राजनीतिक सहमति वा राजनीतिक कार्यकर्ता संलग्न भएको भन्ने आधारमा कसूरको दायित्वबाट मुक्ति दिने अमेघ अस्त्रको रूपमा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २९ को प्रयोग गर्न दिन नमिल्ने।

**२२. रामु महतो विरुद्ध प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालयसमेत, ने.का.प. २०६९, अङ्क ५, नि.नं. ८८२८**

जघन्य एवं पाशविक प्रकृतिका अपराध, मानवता विरुद्धका अपराध, लागू औषध, मानव बेचबिखन, बालबालिकाका विरुद्धको अपराध, हातहतियार खरखजाना सम्बन्धी अपराध, व्यक्तिको बाँच्न पाउने अधिकारलाई कुण्ठित गरेको सम्बन्धी अपराध, पेशेवर अपराधीद्वारा गरिएको तथा संगठित रूपमा गरिएको अपराध साधारणतया फिर्ता लिन नहुने प्रकृतिका मुद्दाहरू वस्तुनिष्ठ एवं मनासीब आधार र कारण बिना राजनीतिक दलसँग आवद्ध रहेको मात्र कारणबाट फिर्ता लिने कार्य स्वीकार्य हुन नसक्ने।

## सत्र - तेह्रः देवानी र फौजदारी मुद्दामा अदालतको अधिकारक्षेत्र सम्बन्धी व्यवस्था

**२३. धुरचन्द्र पारख विरुद्ध उद्योग वाणिज्य विभागसमेत, ने.का.प. २०१८, अङ्क ८, नि.नं. १५८**

निर्णय गर्ने अधिकारीले आफूले पाएको कानूनको अधिकार देखाउन पर्ने – निर्णय गर्दा सम्बन्धित पक्षलाई सूचना दिनु पर्ने – सो बिपरीत भएमा बेकानूनी ठहर्ने।

२४. **मसईहाजी मुसलमान विरुद्ध कपिलवस्तु जिल्ला अदालतका जिल्ला न्यायाधीशसमेत, ने.का.प. २०३१, अङ्क १, नि.नं. ८६६**

कानूनमा संशोधन भए पनि सो कानूनमा स्पष्ट व्यवस्था नभएसम्म दायरी मुद्दा हेर्ने अदालतको अधिकार समाप्त भएको सम्झन नमिल्ने।

२५. **इच्छा हर्ष बज्राचार्य विरुद्ध नाति महर्जन, ने.का.प. २०४४, अङ्क १, नि नं १५२७**

किलास गारोतर्फ तेरो मेरोको प्रश्नमा हक बेहक हुने गरी नगर पञ्चायत ऐन, २०१९ को दफा ४९(२) को विरुद्ध काठमाडौं नगर पञ्चायत बैठकबाट निर्णय गरेकालाई यस अदालत डिभिजन बेञ्चबाट ०३५।८।७।४ मा रिट जारी गरेको बेगल बेगल रूपको मुद्दा भई हक बेहककै प्रश्न निर्णय गर्नुपर्ने प्रस्तुत मुद्दामा निवेदकको हक नभएको भनी ठहर हुन जाँदा यस अधिकार क्षेत्रबाट हक बेहकको निर्णय हुने हुँदा रुलिङ बाझिएको भनी ठहर गर्न नमिल्ने

## सत्र - सोह्रः देवानी र फौजदारी कार्यविधि संहितामा हकदैया र हदम्याद सम्बन्धी व्यवस्था

२६. **द्रोण शमशेर ज.ब.रा.समेत विरुद्ध इन्डियन एयरलाईन्स कर्पोरेशन, ने.का.प. २०२२, अङ्क १, नि.नं. ३०१**

मुद्धा चलाउनु पर्ने कारण कानूनी हक अधिकार हनन् भएको मौकाको दिन देखि उत्पन्न हुने नकी सो सम्बन्धमा लेखपढी जाँचबुझ गरी सकेपछिको मिति देखि कारण हुन आउने। यसबाट अनिश्चित कालसम्म कायम रहने हुँदा मुद्दा गर्नु पर्ने कारण जुन अवस्था देखि हुन आउँछ सो नै मितिलाई गणना गर्नु पर्ने।

२७. **तुङ्ग शमशेर ज.ब.रा. विरुद्ध इन्डियन एयर लाईन्स कर्पोरेसन, ने.का.प. २०२९, अङ्क १, नि.नं. ६९४**

मृत व्यक्तिका हकवालाहरू अधिकार आघात भएको व्यक्ति मानिन नसक्ने। मृत्यु भएको व्यक्ति जीवित रहँदा निजले नै व्यक्तिगत रूपबाट कारवाई चलाई दिलाई भराइलिन पाउने कानूनले हक अधिकार प्रदान गरिराखेकोमा त्यस्तो व्यक्ति मरेपछि त्यस्तो हकअधिकार ऐनमा प्रष्ट व्यवस्था भएको हुनुबेगर हकवालामा सर्न सक्दैन र मृत व्यक्तिकै साथसाथै मर्छ। अधिकार आघात भएको व्यक्तिले नै नालिस गरी भराइलिन पाउने कानूनमा व्यवस्था भइराखेको, क्षतिपूर्तिमा अधिकार आघात भएको व्यक्ति मरेपछि उक्त अ.बं.२१८ नं.अनुसार हकवालाले दावी लिई नालिस गरी भराइलिन पाउने प्रश्नै आउँदैन। जसको अधिकार आघात

भएको छ, उसैले मात्र क्षतिपूर्तिमा दावी गर्न पाउने भएमा नागरिक अधिकार ऐनको दफा १७ (१) को व्यवस्था नै विफल हुने भन्ने तर्क निरर्थक।

**२८. परमानन्द प्रसाद सिंह विरुद्ध श्री ५ को सरकार गृह पञ्चायत मन्त्रालयसमेत, ने.का.प.२०३१, अङ्क १, नि.नं. ८७३**

विलम्बको सिद्धान्त कानूनको रूपमा व्यवस्था भएको सिद्धान्त होइन। अदालतले मुद्दा मामिलामा उचित न्याय गर्नका लागि प्रतिपादित गरेको सिद्धान्त हो आफ्नो अधिकार प्रति सजग रहने व्यक्तिलाई नै अदालतले मद्दत गर्नु पर्छ। आफ्नो अधिकारको बेवास्ता गर्ने व्यक्तिलाई मद्दत गर्न अदालतलाई कर लाग्दैन भन्ने तर्फ विलम्बको सिद्धान्तमा आफ्नो रीत छ। अनुचित विलम्ब गर्ने व्यक्तिले मागेको उपचार गर्दा कुनै अर्को व्यक्तिको हक हितमा प्रतिकूल असर पर्न जान्छ भने अदालतले विलम्ब गर्नेलाई मद्दत गर्न हुँदैन। लापरवाहीको दुस्परिणाम आफैं भोग्नु पर्दछ। यो सिद्धान्त हदम्यादको सिद्धान्त होइन। मुद्दाको प्रकृती सम्बन्धित पक्षको आचरण, निजले अदालतमा आउन लगाएको समय,निजलाई उपचार प्रदान गरेको खण्डमा त्यसबाट अरूको हक वा हितमा पर्ने वा पर्न सक्ने असर इत्यादि सबै कुरालाई समष्टि गर्ने रूपमा विचार गर्नु पर्दछ। यदि कुनै व्यक्ति अधिकारको खोजिमा लापरवाही गरेको देखिँदैन भने समय तत्त्वलाई मात्र बयानमा राखेर निजको मागमा विचार नगर्नु उचित हुँदैन।

**२९. लाला बुद्धिमान श्रेष्ठ विरुद्ध मेघराज उपाध्याय, ने.का.प. २०४२, अङ्क २, नि.नं. २२६४**

एकाको हकभोग दर्ताको जग्गा अर्काको नाममा नापी दर्ता भएकोमा त्यस्तो जग्गा नापी भई दर्ता श्रेस्ता खडा भएको मितिबाटै मुद्दा गर्नुपर्ने कारणको सिर्जना भएको मान्नुपर्ने।
हक प्रमाणको प्रमाणिक अभिलेखको सिर्जना दर्ता श्रेस्ताबाटै हुने।

## सत्र - अठारः फैसला कार्यान्वयन सम्बन्धी व्यवस्था

**३०. चन्द्रकुमार साहू श्रेष्ठ विरुद्ध बद्रीलक्ष्मी जोशी, ने.का.प. २०४०, अङ्क ९, नि.नं. १७६०**

अंश मुद्दाबाट अंशबण्डा नछुट्टी कसको हक कायम हुने भन्ने कुराको निर्णय भई नसक्दै मेरो हकको सम्पत्ति भनी राजीनामा गर्न पाउने हक नदेखिने।

**३१. उतिम यादव विरुद्ध महोत्तरी जि.अ.समेत, ने.का.प. २०४९, अङ्क ९, नि.नं. ४६०८**

मुद्दा अन्तिम नभई बिगो भरी भराउको दर्खास्तको आधारमा लिलामको कारबाही चलाई लिलाम गर्न पाउने कानुनी व्यवस्थाको अभावमा मुद्दाको पुनरावेदन कारबाही चलिरहेकै स्थितिमा लिलाम गरेको प्रत्यर्थी जिल्ला अदालतको काम कारबाही कानुन बमोजिम भएको भन्न नमिल्ने।

**३२. दिलशोभा शाक्य विरुद्ध काठमाडौं जि.अ.समेत, ने.का.प. २०५९, अङ्क ५, नि.नं. ७०९६**

फैसला बमोजिम जग्गा छुटयाई पाउँ भनी एक पक्षले दिएको निवेदनको आधारमा अर्को पक्षलाई आफ्नो भनाई राख्ने मौका नदिई जग्गा छुटयाउने गरेको कार्य प्राकृतिक न्यायको सिद्धान्तको प्रतिकूलको हुने।

## सत्र - बाइसः फौजदारी मुद्दामा क्षतिपूर्ति तथा पीडित राहत कोष सम्बन्धी व्यवस्था

**३३. राकेश कुमार सिंह विरुद्ध नेपाल सरकार, ने.का.प. २०६४, अङ्क १, नि.नं. ७८१०**

जिल्ला अदालत र पुनरावेदन अदालत दुवैले जवरजस्तीकरणीको महलको १० नं. र अंश वण्डाको महलको फरक छुट्याउन सकेको देखिएन। जवरजस्ती करणीको महलको १० नं. को व्यवस्था अन्तर्गत प्राप्त हुने अंश अंशियारको हैसियतले नैसर्गिक अधिकार स्वरूप अंश वण्डाको महल बमोजिम सम्पत्ती पाउनेहोईन। जबरजस्ती करणीबाट पीडित भएको कारण पीडितलाई मानवीय, मनोवैज्ञानिक, शारीरिक, पेशागत, चारित्रिक, बौद्धिक, सामाजिक, आर्थिक लगायत जीवनको विभिन्न पक्षमा परेका दुरगामी असरलाई ध्यानमा राखी क्षतिपूर्ति स्वरूप प्राप्त हुने सम्पत्ती हो।

**३४. रण बहादुर कुमाल विरुद्ध नेपाल सरकार, ने.का.प. २०६४, अङ्क ११, नि.नं.७९००**

जबरजस्तीकरणी जस्तो जघन्य अपराधबाट पीडित बालिकामा पर्न गएको शारीरिक एवं मानसिक पीडा एवं त्यसैको कारण निजले जीवनभर भोग्नुपर्ने मनोवैज्ञानिक, सामाजिक, चारित्रिक, पारिवारिक एवं आर्थिक असर वा कलङ्क समेतलाई मध्यनजर राख्दा कानुनी व्यवस्था अनुसार आधा अंश भराई दिने तर्फ विशेष प्रक्रिया अपनाउनुपर्ने हुन जान्छ। जबरजस्तीकरणी महलको सो १० नं को कानुनी व्यवस्थालाई दण्ड सजायको महलको ४६ नं बमोजिमको कार्यविधि अनुसार जबरजस्ती करणीको अपराधबाट पीडित महिलालाई न्याय प्राप्त हुने होइन कि उल्टै पीडक पक्षको सम्पति खोजी गरी हिड्नु पर्ने थप पीडादायक स्थिति सृजना हुन जान्छ। साथै सो कानूनी व्यवस्था पैतृक सम्पतिमा अंश प्राप्त गर्ने जस्तो स्वाभाविक र नैसर्गिक व्यवस्था नभई पीडितलाई आफू उपर भएको अपराधको क्षतिपूर्ति स्वरूप प्राप्त हुने विशेष

व्यवस्थाको रूपमा रहेका पीडकको आधा अंश पीडित महिलालाई भराई दिने सम्बन्धमा मुलुकी ऐन जबरजस्तीकरणी महलको १० नं. मा मिति २०६३।७।१७ मा संशोधन हुनु भन्दा अगाडि भएको जबरजस्तीकरणीको अपराधबाट पीडित महिलालाई प्रतिवादीबाट आधा अंश भराई दिने सम्बन्धमा स्पष्ट कार्यविधि नभएपनि अन्तिम फैसला भइसकेपछि सम्बन्धित जिल्ला अदालत स्वयम्ले पीडितलाई फैसलाको जानकारी दिई आफैले सो फैसला कार्यान्वयन गरी आधा अंश दिलाई दिनुपर्ने।

**प्रकाशन संख्या ८५**


राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल


मनमैंजू, काठमाडौं
फोन नं. ९७७-१-४०२७४४९/४०२७४५१ फ्याक्स नं.: ९७७-१-४०२७१४०
पोष्ट बक्स नं. २४८६५
Email: info@njanepal.org.np
URL: www.njanepal.org.np
सिटी अफिसः
हरिहरभवन, ललितपुर
फोन नं. ९७७-१-५५४९०५७